दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक २०५ | बुटवल | २०८३ साउन १८ गते, सोमबार | नेपाल संवत ११४६ | Monday August 03, 2026 | पृष्ठ ४ | मूल्य रु. १० मात्र | Lumbini

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका
प्रमुख शहरहरूमा पठाउनु परेमा
हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोनः- ०७१५४२५७१

# सुस्तामा फेरि भारतीय हस्तक्षेप, अस्थायी बाँध भत्काइयो

**लुम्बिनी संवाददाता**

*बुटवल*

पश्चिम नवलपरासीको सुस्तामा भारतीय सशस्त्र सीमा बल (एसएसबी) नेपाली भूमिमा प्रवेश गरेर निर्माणाधीन अस्थायी बाँध भत्काएपछि विवाद भएको छ ।

स्थानीयका अनुसार आइतबार दिउँसो साढे ३ बजेतिर करिब १५ जना सादा पोसाकमा र अरु हतियारसहित ६० जनाको संख्यामा एसएसबी नेपाली भूमि पसेका थिए । उनीहरूले सुस्ता गाउँपालिका ५ थारु टोलमा निर्माणाधीन १३२ मिटर लामो बाँध नजिकै दुई दिन मात्रै बनाइएको कच्ची बाँध भारतीय सुरक्षाकर्मीले भत्काइदिएको स्थानीय बाबु खानले बताएका छन् । भारतीय सुरक्षाकर्मीले नेपालतर्फ बनिरहेको संरचना भत्काएपछि स्थानीयवासी प्रतिवादमा उत्रिएका थिए ।

वर्षायाममा नारायणी नदीको भेलले कटान गर्न थालेपछि साउन १५ गते स्थानीयले बोरामा माटो भरेर अस्थायी बाँध निर्माण गरेका थिए ।

पहिलो चरणमा नारायणी नदी किनारको एक किलोमिटर क्षेत्रको तटबन्धन निर्माण कार्य अन्तिम चरणमा पुगेको छ । त्यही एक किलोमिटरमा थप जोडेर बनाउन लागिएको दोस्रो चरणको १३२ मिटर क्षेत्रको तटबन्धन कार्यलाई दुई महिनाअघि एसएसबीले रोकेको थियो । त्यही रोकेको स्थानबाट नदीको भेल पस्न थालेपछि स्थानीयले अस्थायी बाँध बनाएका हुन् । त्यही अस्थायी बाँधलाई एसएसबीले भत्काएको स्थानीयवासीले बताएका छन् ।

सशस्त्र प्रहरी बल नेपाल नम्बर २६ गण नवलपरासीका एसपी गोविन्द खातीले अस्थायी रुपमा मानिएको दसगजा क्षेत्र नजिक स्थानीयले थुपारेको माटो भारतीय पक्षले हटाएको जानकारी पाउन साथ सशस्त्र प्रहरीको टोली परिचालन गरी दुवै पक्षलाई सम्झाइएको बताए ।

सुस्तामा सीमा स्तम्भ नहुँदा दुवै देशका सुरक्षा अधिकारीको सहमतिअनुसार सुस्ता ५ थारुटोलमा रहेको सिमलको रुखलाई अस्थायी सीमा संकेतका रुपमा मानिँदै आएको छ । भारतीय पक्षले उक्त रुखबाट करिब दुई सय मिटर पर रहेको अर्को रुखभन्दा अगाडि नबढ्न भन्दै आएको छ । अगाडि नबढ्न भनेकै ठाउँ नजिक माटो खसालेर बाँध बाँधेको भन्दै एसएसबीले हटाएको एसपी खातीले बताए । स्थानीयले भने आफूहरुले भारतीय पक्षले भनेको रूखभन्दा करिब ५० मिटर पछाडि नदीको भेल रोक्न माटो राखेको दाबी गरेका छन् । घटनापछि सिमलको रुख आसपासमा थप हतियारसहित एसएसबीको सुरक्षा टोली परिचालन गरिएको स्थानीयले बताए । सशस्त्र प्रहरीका एसपी खातीले भने त्यहाँको अवस्था सामान्य रहेको बताए ।

नारायणी नदी पारि रहेको सुस्ता गाउँपालिका वडा नम्बर ५ स्थित सुस्ता गाउँमा करिब ४ सय घरपरिवारको बसोबास छ । गाउँलाई नदीको जोखिमबाट जोगाउन सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना चितवनले पहिलो चरणमा साढे ११ करोडको लागतमा तटबन्धन कार्य गरिरहेको छ । दोस्रो चरणअन्तर्गत थप १ करोड ४६ लाखको लागतमा निर्माण सुरु गरिएको १३२ मिटर तटबन्धनको काम भारतीय अवरोधका कारण रोकिएको हो ।



सुस्ताको कुल क्षेत्रफल ४० हजार ९८० हेक्टर रहेको छ । भारतीयको अतिक्रमणका कारण हाल सुस्ताबासीले ७ हजार हेक्टर भूमि मात्र उपयोग गर्दै आएको सुस्ता बचाउ अभियानका प्रवक्ता रवीन्द्र जैसवालको दाबी छ । '१४ हजार ५ सय हेक्टर भूमि भारतले अतिक्रमण गरिसकेको छ, १९ हजार ४८० हेक्टर क्षेलाई विवादित भन्दै प्रयोग गर्न दिइएको छैन ।'-जैसवालले भने । विवादपछि उक्त भूमिमा दुई देशका जिल्लास्थित सुरक्षा प्रमुखहरुको बैठकले उक्त क्षेत्र कसैले पनि उपयोग नगर्ने सहमति गरिएको छ ।

सुस्ता बचाउ युवा अभियानका संयोजक योगेन्द्र गौतमले भारतीय एसएसबी दुई देशको सीमा मानिएको सिमलको रुखभन्दा ३ सय मिटर यता नेपालतर्फ प्रवेश गरेर अस्थायी बाँध भत्काएको बताए । स्थानीयले रोक्ने प्रयास गरे पनि हतियारसहित आएकाले रोक्न नसकिएको, तर विवाद भएको उनले जानकारी दिए ।

यसअघि गत असारमा पनि भारतीय सुरक्षाकर्मी सुस्ता क्षेत्रमा प्रवेश गरेर बाँध निर्माणको काम रोक्न दबाब दिएपछि रोकिएको थियो । सुस्ता नेपाल-भारतबिच लामो समयदेखि विवादित सीमा क्षेत्रका रूपमा रहँदै आएको छ । स्थानीय मुन्ना खाँका अनुसार सीमा स्तम्भको अभाव, नारायणी नदीले धार परिवर्तन गर्नु तथा भारतीय पक्षबाट हुने पटक-पटकको हस्तक्षेपका कारण त्यहाँ विवाद दोहोरिने गरेको छ । भारतीय पक्षले बाँध भत्काएपछि अप्रिय घटना हुननदिन नेपालको सशस्त्र प्रहरी बल पनि घटनास्थल पुगेको थियो ।

नवलपरासीका सीडीओ दीपकराज नेपालले नेपालतर्फ वर्षाबाट हुन सक्ने विपदको जोखिमलाई रोक्न दुईदिन अघि मात्र माटोको अस्थायी बांध बनाएको तर त्यसमा भारतीय पक्षले विरोध गरेर आइतबार दिउँसो भत्काएको स्वीकार गरे ।

सुस्ता ५ का स्थानीय बासिन्दाका अनुसार प्रधानमन्त्री बालेन्द्र शाहले संसदको रोष्ट्रमबाटै नेपालले भारतको थुप्रै ठाउँमा सीमा मिचेको अभिव्यक्ति दिएपछि भारतीय पक्षलाई हस्तक्षेप गर्न सजिलो भएको छ ।

**विवादको मूल कारण १८१६ को सुगौली सन्धि**

सुस्ता विवादको मूल कारण १८१६ को असमान सुगौली सन्धि र त्यसपछि नारायणी (गण्डक) नदीले धार परिवर्तन गर्नु हो ।

सुगौली सन्धिअनुसार नदीको पश्चिम नेपाल र पूर्व भारत पर्ने व्यवस्था थियो । सन्धि हुँदा सुस्ता गाउँ नदीको पश्चिमतर्फ अर्थात् नेपालतर्फ थियो । तर वर्षौंदेखिको बाढी र नदीको बहाव परिवर्तनसँगै नदी पूर्वबाट पश्चिम सर्दै गयो । त्यसपछि सुस्ता क्षेत्रको ठूलो भाग नदीको अर्कोपट्टि देखिन थालेपछि दुवै देशले आफ्नो-आफ्नो दाबी गर्दै आएका छन् ।

नेपालले सन्धि भएको समयको नदीको धारलाई आधार मान्नुपर्ने अडान राख्दै आएको छ भने भारतले हालको नदीको अवस्थालाई आधार मानेर दाबी गर्ने गरेको छ । यही कारण सुस्ता विवाद अहिलेसम्म समाधान हुन सकेको छैन ।

**सीमास्तम्भ नहुँदा पटक पटक विवाद**

सुस्ता क्षेत्रमा करिब २४ किलोमिटर सीमामा आधिकारिक सीमा स्तम्भ छैन । सीमास्तम्भको अभावमा स्थानीयले नदी, रूख र प्राकृतिक चिन्हलाई आधार मानेर सीमा छुट्याउने गरेका छन् ।

» बाँकी ३ पेजमा

## फुटको संघारमा पुगेको कांग्रेस मिलाउन दबाब

बुटवल । नेपाली कांग्रेसभित्र विवाद फुटको संघारमा पुगेपछि एकताका लागि दबाब बढ्दै गएको देखिन्छ । पार्टीलाई फुटबाट जोगाउन विभिन्न पक्षले दबाब दिइरहेका छन् । पार्टी फुटको जोखिम बढेपछि निवर्तमान केन्द्रीय सदस्य नैनसिंह महर, राष्ट्रियसभा सदस्य रञ्जित कर्ण, पुष्पराज शाहीसहितको समूहले साउन २० गते सुकेधारामा 'एकता भेला' गर्ने घोषणा गरेको छ । आइतबार बानेश्वरमा पत्रकार सम्मेलन गर्दै राष्ट्रिय सभा सदस्य कर्णले त्यो भेलामा संस्थापन र इतर दुवै पक्षलाई एउटै मञ्चमा उभ्याउने बताए ।

कर्णले पार्टी फुटको डिलमा पुगेकाले एकताका लागि लागेको बताए ।

पार्टी एकताका लागि भन्दै स्थानीय तहका जनप्रतिनिधिहरूले पनि दबाब दिइरहेका छन् । भीमप्रसाद ढुंगाना, चिरिबाबु महर्जन, उपेन्द्र कार्कीसहितका कांग्रेसका तर्फबाट स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिहरूले 'संयुक्त राष्ट्रिय दबाब अभियान' सञ्चालन गरिरहेका छन् । उनीहरूले नेतृत्वलाई चेतावनी दिँदै पार्टी विभाजनको बाटोमा गए आफूहरूले सामूहिक रूपमा पदबाट राजीनामा बताएका छन् । उनीहरूले साउन २७ गते राष्ट्रिय भेला बोलाएका छन् । अर्कोतर्फ उपचारका लागि हङकङमा रहेका निवर्तमान सभापति शेरबहादुर देउवा र पूर्णबहादुर खड्काले विशेष महाधिवेशनसम्बन्धी सर्वोच्चको फैसला पुनरवलोकनको माग गर्दै रिट दायर गरेका छन् ।

पार्टीभित्रको चर्को विवाद र दबाबबिच कांग्रेसले साउन २४ गते केन्द्रीय समिति बैठक बोलाएको छ । असोज १६ गतेदेखि १९ गतेसम्म १५औँ महाधिवेशन गर्ने मिति तय गरेको कांग्रेसमा क्रियाशील सदस्यता वितरण र विशेष महाधिवेशनको वैधानिकतासम्बन्धी विवाद चरमोत्कर्षमा छ । दुवै पक्षले आफ्ना अडानलाई 'इगो' को विषय बनाउँदा र बेग्लाबेग्लै भेलाको राजनीतिले कांग्रेस अहिले एकता र विभाजनको दोसाँधमा उभिएको छ । साउन २४ को बैठकले यी दबाबहरूलाई कसरी सम्बोधन गर्छ भन्ने धेरैको चासो छ ।

## कोशीको मुख्यमन्त्री फेर्ने विषयमा एमालेमा किचलो



बुटवल । एमाले अध्यक्ष केपी ओलीले बागमती संसदीय दलका नेताबाट जगन्नाथ थपलियालाई हटाएर आफू निकट किरण थापालाई दलको नेता र मुख्यमन्त्री बनाउने प्रयास असफल भएपछि कोशीमा हाल मुख्यमन्त्री रहेका हिक्मत कार्कीलाई हटाएर उनको स्थानमा तिलकुमार मेन्याङ्बोलाई प्रदेशको मुख्यमन्त्री बनाउन थालेपछि पार्टीभित्र किचलो भएको छ । विगतमा ओली निकट मानिएका कोशीका मुख्यमन्त्री कार्की पछिल्ला दिनमा पार्टी पुनर्गठनको पक्षमा उभिएका छन् । कार्की पार्टी पुनर्गठनको पक्षमा उभिएपछि ओली उनीसँग रुष्ट छन् । एमालेमा पार्टी पुनर्गठन र रूपान्तरणको पक्षमा उपाध्यक्ष विष्णु पौडेल र महासचिव शंकर पोखरेलसहित कार्की पनि उतै उभिएसँगै ओली उनलाई मुख्यमन्त्रीमा निरन्तरता दिन नहुने पक्षमा पुगेका हुन् ।

'कोशीमा कार्कीलाई नै निरन्तरता दिँदा सहज हुने हो । तर अध्यक्ष ओलीलाई कार्की पुनर्गठनको पक्षमा लागेको चित्त बुझेको छैन,' एमालेका एक सचिवालय सदस्य भन्छन्-'त्यही भएर उहाँ अहिले कार्कीको ठाउँमा मेन्याङ्बोलाई मुख्यमन्त्री बनाउने कसरतमा हुनुहुन्छ, यसले पार्टीभित्र अनावश्यक किचलो थपेको छ ।'

» बाँकी ३ पेजमा

## निजी क्षेत्रलाई विश्वासमा लिएर अघि बढ्नुपर्छ : गगन



बुटवल । नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले डिजिटल अर्थतन्त्रको विकास र विस्तारका लागि सरकारले निजी क्षेत्रलाई विश्वासमा लिएर अघि बढ्नुपर्नेमा जोड दिएका छन् ।

पार्टी केन्द्रीय कार्यालय सानेपामा आइतबार आयोजित 'डिजिटल इकोनोमीः स्थानीय रोजगारी र पहुँच विश्वबजार' विषयक अन्तर्क्रिया कार्यक्रममा बोल्दै सभापति थापाले सरकारले यस क्षेत्रमा उच्च महत्वाकांक्षा राख्नुपर्ने र निजी क्षेत्रको क्षमतामाथि भरोसा गर्नुपर्ने बताएका हुन् ।

'हामी के चाहन्छौँ भने सरकारले यस क्षेत्रमा अझ प्रभावकारी रूपमा काम गरोस् । यसका लागि हाम्रा सबै सांसद संसद्मा आवश्यक सहयोग गर्न तयार हुनुहुन्छ, हामी पनि पूर्णरूपमा सहकार्य गर्न तयार छौँ । तर सरकारले दुई कुरामा स्पष्ट हुनुपर्छ । पहिलो, यस क्षेत्रमा स्पष्ट महत्त्वाकांक्षी योजना हुनुपर्छ । दोस्रो, निजी क्षेत्र र बजारप्रति विश्वास गर्नुपर्छ ।'- उनले भने ।

सरकारले मात्र सबै कुरा जान्दछ भन्ने मानसिकता त्याग्नुपर्ने उल्लेख गर्दै निजी क्षेत्रको विज्ञता र बजारको गतिशीलतालाई स्वीकार गर्न आग्रह गरे । डिजिटल अर्थतन्त्रलाई नेपालको अर्थतन्त्रको मुख्य मेरुदण्ड (ब्याकबोन) बनाउन सकिने सम्भावना औंल्याउँदै उनले यसलाई कुनै एक राजनीतिक दलको मात्र नभई साझा एजेण्डा बनाउनुपर्ने बताए ।

'सबै ज्ञान र क्षमता सरकारसँग मात्रै छ भन्ने सोच उचित होइन । जान्ने मानिसहरू सरकारबाहिर पनि छन् ।

» बाँकी ३ पेजमा

## रूपन्देहीका ११ दलद्वारा सद्भाव कायम राख्न अपिल

दलहरूले भूमिहीन, सुकुम्वासी तथा अव्यवस्थित बसोवासीको उचित व्यवस्थापन गरी तत्काल जग्गाधनी पूर्जा (लालपुर्जा) वितरण गर्न र उचित व्यवस्थापन नगरी विस्थापन वा डोजर प्रयोग तत्काल रोक्न सरकारसँग माग गरेका छन् ।



बुटवल । रुपन्देहीमा क्रियाशील ११ राजनीतिक दलले समाजमा धार्मिक र सामाजिक सद्भाव कायम राख्न सबै पक्षसँग अपील गरेका छन् । नेपाल कम्युनिस्ट पार्टी (माओवादी) को समन्वयमा बसेको ११ दलको संयुक्त बैठकले सुनसरी र सिराहा लगायत देशका पूर्वी जिल्लाहरूमा भएका घटना र समसामयिक राष्ट्रिय तथा जनसरोकारका विषयमा गम्भीर छलफल गरी संयुक्त प्रेस विज्ञप्तिमार्फत् सरकारसँग विभिन्न आठ विषयमा ध्यानाकर्षणसहित माग गर्ने निर्णय आफ्नो निर्णय गरेको छ । दलहरूले सुनसरीको देवानगन्ज र सिराहाको गोलबजार लगायत विभिन्न स्थानमा भएका घटनाप्रति गम्भीर चिन्ता व्यक्त गर्दै घाइतेहरूको शीघ्र, निःशुल्क र प्रभावकारी उपचारको व्यवस्था गर्न सरकारसँग माग गरेका छन् ।

नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक तथा बहुसांस्कृतिक मुलुक भएको र विविधता नै आफ्नो पहिचान भएको उल्लेख गर्दै दलहरूले कुनै पनि बहानामा धार्मिक, जातीय वा साम्प्रदायिक द्वेष फैलाउने, सामाजिक सद्भाव बिथोल्ने तथा हिंसा भड्काउने गतिविधि राष्ट्रिय हितविपरीत रहेको बताएका छन् । यस्ता गतिविधिबाट सबैलाई सचेत रहन हार्दिक अपिल गरेका छन् । दलहरूले घटनाको निष्पक्ष, स्वतन्त्र र विश्वसनीय छानबिन गरी दोषी जोसुकै भए पनि कानुनबमोजिम कारबाही गर्न, पीडित परिवारलाई उचित राहत तथा क्षतिपूर्ति उपलब्ध गराउन र भविष्यमा यस्ता घटना दोहोरिन नदिन प्रभावकारी कदम लिन सरकारसँग माग गरेका छन् । देशभर धार्मिक, सामाजिक तथा साम्प्रदायिक सद्भाव कायम राख्न सबै पक्षलाई संयमता अपनाउन र अफवाह तथा उत्तेजनात्मक गतिविधिबाट टाढा रहन आग्रह गर्दै ११ दलले सरकार तथा सरोकारवाला निकाय नै बढी जिम्मेवार हुनुपर्ने स्पष्ट पारेका छन् ।

दलहरूले भूमिहीन, सुकुम्वासी तथा अव्यवस्थित बसोवासी नागरिकको उचित व्यवस्थापन गरी तत्काल जग्गाधनी पूर्जा (लालपुर्जा) वितरण गर्न र उचित व्यवस्थापन नगरी गरिने कुनै पनि विस्थापन वा डोजर प्रयोग तत्काल रोक्न सरकारसँग माग गरेका छन् । साथै अव्यवस्थित बसोवासीहरूलाई भूमि ऐनले निर्धारण गरेको अधिकतम क्षेत्रफलभित्र रहने गरी आवास र कृषि प्रयोजनका लागि मालपोतमा लाग्ने रजिस्ट्रेशन शुल्कबाट प्राप्त हुने राजस्वमा न्यून शुल्क लिई जग्गाधनी पुर्जा उपलब्ध गराउन पनि माग गरिएको छ ।

विद्युत्मा ५० युनिटभन्दा माथि थपिएको ५ प्रतिशत भ्याट करले आम उपभोक्ता, उद्योगी तथा व्यवसायीलाई आर्थिक भार थपेको भन्दै उक्त कर तत्काल पुनर्विचार गर्न पनि दलहरूले सरकारसँग माग गरेका छन् ।

» बाँकी ३ पेजमा

सिद्धार्थ पब्लिकेशन(प्रा.लि.)द्वारा प्रकाशित
विश्वसनीय समाचारको विश्वासिलो साथी
दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक
अनलाइन संस्करण lumbinipatrika.com
स्वतन्त्र र निष्पक्ष
जनताको लोकप्रिय पत्रिका
निजी क्षेत्रबाट निरन्तर प्रकाशित नेपालको राष्ट्रिय दैनिक 'दैनिक लुम्बिनी' सत्य, तथ्य र विश्वसनीय समाचारको माध्यमबाट जनअपेक्षी समाज र समृद्ध राष्ट्र निर्माणमा समर्पित ।



स्वतन्त्र
कुनै पनि राजनीतिक वा आर्थिक स्वार्थबाट स्वतन्त्र रही सत्यको पक्षमा ।
निष्पक्ष
सबै पक्षलाई समान दृष्टिले हेर्ने निष्पक्ष र वस्तुनिष्ठ पत्रकारिता ।
जनताको लोकप्रिय
जनतासँग नजिक, जनताको कुरा उठाउने, जनविश्वासको प्रतिक ।
तथ्यपरक समाचार, गहन विश्लेषण र सशक्त सम्पादकीयका साथ
तपाईँको भरोसा, हाम्रो प्रतिबद्धता
राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समाचार | गहन विश्लेषण र अनुसन्धान | समाज, अर्थतन्त्र, राजनीति, शिक्षा, स्वास्थ्य र खेलकुद | फोटो समाचार र विशेष रिपोर्ट | विचार, सम्पादकीय र साहित्य
सम्पर्क ०७१-५३०६४०, ५३७६४० | WWW.lumbininews@gmail.com | बुटवल-११, माझगाउँ रूपन्देही, लुम्बिनी प्रदेश, नेपाल

## सम्पादकीय

# पर्वतारोहणमा अपुरणीय क्षति

हिमाल आरोहणमा विश्व कीर्तिमान बनाएका निर्मल पूर्जा अर्थात् निम्स दाइ हिमाल आरोहणका क्रममा हिम पहिरोमा परी अस्ताएका छन् । पाकिस्तानको काराकोरम पर्वत शृंखलामा पर्ने 'ब्रोड पिक' हिमाल चढ्ने क्रममा उनको निधन भएको हो । उनले ८ हजार मिटरभन्दा अग्ला विश्वका सबै १४ हिमाल केवल ६ महिना ६ दिनमा आरोहण गर्दै नयाँ विश्व कीर्तिमान बनाएका थिए । म्याग्दीमा जन्मेका निर्मल पूर्जा बेलायती सेनामा भर्ती भएपछि 'निम्स दाइ' बनेका थिए । सेनामा रहँदा बेलायती सहकर्मीहरूले उनको नाम उच्चारण गर्न अप्ठ्यारो भएपछि 'निम्स' भन्न थालेका थिए । त्यही 'निम्स' हिमाल आरोहण गर्न थालेपछि सबैका प्रिय 'निम्स दाइ' बने ।

आरोहण जीवनमा अनेकौं कठिनाइ व्यहोरेका निम्स दाइ नयाँ रेकर्डसम्मुख रहँदा संसारबाट बिदा भएका छन् । उनीसँगै अन्तर्राष्ट्रियस्तरका नेपाली आरोही पुरबहादुर गुरूङ 'युक्ता', किली पेम्बा शेर्पा 'किलु', निमा शेर्पा र नवाङ थिन्दु शेर्पाले पनि ब्रोड पिकमै अस्ताएका छन् । ओमानका नधिरा अहमद अब्दुल्लाह अल हार्थी, पाकिस्तानका सोहेल साखी, चीनका वाङ जोङ र अमेरिकाकी मालोरी गाइसले पनि ब्रोड पिकको हिमपहिरोमा परी ज्यान गुमाए ।

जीवनमा हिमाल आरोहण गर्छु भनेर उनले कहिल्यै योजना बनाएनन् । यसपालि ब्रोड पिक पनि बिनायोजना नै चढे । बेलायती सेना छाडेपछि सन् २०१२ मै उनले पहिलो पटक ६ हजार ११९ मिटर अग्लो लोबुचे इस्ट हिमाल आरोहण गरे । त्यसपछि सुरु भएको हिमाल आरोहण यात्रा केही वर्षमै विश्व कीर्तिमान गर्न सफल भए । ६ महिना ६ दिनमा ८ हजार मिटरभन्दा अग्ला हिमाल आरोहण गरेर कीर्तिमान बनाएका उनले केही यस्ता कीर्तिमान बनाए, जुन विश्वभर चर्चित छन् । आठ हजार मिटरभन्दा अग्ला १४ हिमाल यसअघि दक्षिण कोरियाका पर्वतारोही किम चाङ-होको नाममा रहेको झन्डै आठ वर्षको कीर्तिमान उनले तोडेका हुन् । यो अभियानलाई 'प्रोजेक्ट पसिबल' नाम दिइएको थियो । धेरैले यो लक्ष्य सम्भव नै नभएको बताएका थिए । सन् २०२१ को १६ जनवरीमा उनले मिङ्मा डेभिड शेर्पासहित पूर्ण नेपाली टोलीको नेतृत्व गर्दै विश्वको दोस्रो अग्लो हिमाल केटूको पहिलो पटक जाडो महिनामा आरोहण गरेर अर्को इतिहास रचे । दशकौंदेखि विश्वभरका आरोहीले प्रयास गरे पनि कसैले सफल गर्न नसकेको केटू हिउँदमा पहिलो पटक नेपाली टोलीले नै आरोहण गरेको गऱ्यो । चुचुरो पुग्नुअघि टोलीले नेपाली राष्ट्रिय गान गाएको दृश्य विश्वभर चर्चित बनेको थियो । सन् २०१६ मा पहिलो पटक सगरमाथा आरोहण गरेका उनले फर्किने क्रममा 'डेथ जोन' मा समस्यामा परेका एक आरोहीको उद्धार गरेर अन्तर्राष्ट्रिय चर्चा बटुलेका थिए । साहसिक उद्धार र उच्च हिमाली पर्वतारोहणमा पुऱ्याएको योगदानका लागि बेलायतकी महारानी एलिजाबेथ द्वितीयाले उनलाई सन् २०१८ मा एमबिई  सम्मान प्रदान गरेकी थिइन् । उनीसहित ६ नेपाली पर्वतारोहीको निधन नेपालको पर्वतारोण क्षेत्रका लागि अपुरणीय क्षति हो ।

हिमाल आरोहण साहसिक र चुनौतीपूर्ण काम हो । उनको यो साहसिक र चुनौतीपूर्ण काममा विश्व रेकर्ड कायम गरेर व्यक्तिगत प्रतिष्ठा मात्रै नभएर मुलुककै इज्जत कमाउन सफल भए । साहसिक पर्यटनका लागि हिमाल आरोहण रोजिन्छ । मान्छे जन्मेपछि मृत्यु सत्य हो । तर कहिले कहाँ भन्ने निश्चित छैन । त्यसकारण जीवनलाई सार्थक र फलदायी बनाउने विषय महत्वपूर्ण हो । मान्छे आफ्नो कर्मले स्थापित हुन्छ । उसको कर्मकै कारण भौतिक रुपमा नरहे पनि उ जीवन्त रहन्छ । भौतिक अवसान भएको धेरै वर्ष बित्दा पनि कर्मले समाजमा उसको स्थान उच्च हुन्छ । निर्मल पुर्जा साहसिक हिमाल आरोहणमा बनाएको कीर्तिले सधैं बाँचिरहने छन् । नेपाली समाजले मात्रै नभएर विश्व पर्वतारोहण क्षेत्रमा उनको सधैं सम्झना भइरहने छ । हार्दिक श्रद्धाञ्जली निम्स दाइ ।

# विकास र अनुशासनका लागि नागरिक सभ्यता



सुदर्शन अर्याल 'शीतल'

> असल राजनीतिक संस्कार विकासको एउटा सर्त हो भने सामाजिक सहभागिता, प्रशासनिक सुधार, कानुनी निष्पक्षता, जिम्मेवार नेतृत्व र नागरिक खबरदारी विकासको अर्को सर्त हो । हामीले प्रदर्शन गर्ने अनुशासन वास्तविक विकासको सारथी हो । विकास, सुशासन र समृद्धिका लागि सुधारको कठोर मूल्य चुकाउन हामी तयार हुनै पर्दछ । प्रतिशोध, विरोध र स्वार्थको अन्धोपनाबाट संसद् माथि उठ्नै पर्छ । देश र जनतालाई साँच्चिकै केन्द्रमा राखेर न्यायिक उत्तरदायित्व, जिम्मेवारी, जवाफदेहिता र नागरिक कर्तव्य पूरा हुने नीति निर्माण गर्न सके मात्र विकास सम्भव छ ।

नेपालको इतिहासमा धेरै परिवर्तनहरु भए । नेपालले परिवर्तनहरुको इतिहास बोकेको छ भन्दा पनि हुन्छ । धेरै शासन व्यवस्था फेरियो, संविधान फेरियो, सत्ताका केन्द्रहरु फेरिए । तर आम नागरिकको जीवनमा अपेक्षित परिवर्तनको गति अझै सुस्त छ ।

आज हामीले आफैँलाई एउटा गम्भीर प्रश्न सोध्नुपर्ने बेला भएको छ- के समस्या केवल व्यवस्था परिवर्तन मात्र हो रु वा व्यवस्थालाई सञ्चालन गर्ने हाम्रो राजनीतिक संस्कार, व्यवहार र चरित्र रु सांस्कृतिक परिवर्तन, इमानदारिता, नैतिकता र जिम्मेवारीको बोध व्यवस्था परिपर्तनपछि भयो त ? सीधा उत्तर छ- भएन । विकास भनेको जनताको जीवनमा देखिने गरी भएको आर्थिक, सामाजिक, राजनीतिक, वातावरणीय र सांस्कृतिक प्रगति हो ।

अनुशासन मर्यादित जीवन पद्धति हो । जहाँ जिम्मेवारी, उत्तरदायित्व र सम्मानको अनुभूति हुन्छ, त्यहाँ अनुशासन हुन्छ । विकासको आधार अनुशासन हो । अनुशासनविनाको विकास असम्भव छ र विकासपछिको अनुशासन अनिवार्य छ । त्यसैले विकासको गति अनुशासनको पदमार्गमा चल्छ । अनुशासन त्यो मार्ग हो, जसले विकासलाई गन्तव्यमा पुऱ्याउँछ । त्यसैले विकासका लागि अनुशासित हुनु पहिलो सर्त हो । जहाँ अनुशासन हुन्छ, त्यहाँ सर्वपक्षीय विकास हुन्छ । कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकालाई अनुशासनको पदमार्गमा हिँडाउन सके विकासको गति पक्कै पनि अगाडि बढ्छ, देखिने गरी बढ्छ ।

आज हामीले देखेका विकसित देशहरु अनुशासनको पदमार्गमा छन् । त्यहाँका जनतालाई जिम्मेवारी, उत्तरदायित्व र अनुशासनको अनुशरण गर्ने बानी परेको छ । नैतिक मूल्य मान्यता, नीति, विधि र थितीलाई संस्कृतिको रुपमा लिने गरेका छन् । तर हामीले यसको महत्व बुझेनौँ वा बुझेर पनि अनुशरण गर्न सकेनौँ र विकासमा धेरै पछाडि धकेलियौँ । विगत ७५ वर्षदेखि राजनीतिक दाउपेच समस्याको मुख्य साझा केन्द्र बन्यो ।

साथै गलत राजनीतिक संस्कारको विकास भयो । नीति र नैतिकता न पालना गर्न लगाइयो, न पालना नै गरियो । ३५ वर्षदेखि सरकार बन्ने, ढल्ने र बन्ने प्रक्रिया निरन्तर चलिरह्यो । अनुशासन, जिम्मेवारी र उत्तरदायित्वविहीन हुनुलाई आफ्नो अधिकार प्राप्त भएको ठान्न थालियो । समाज अनुशासनहीन र अमर्यादित हुन पुग्यो, जसको प्रभाव राष्ट्रव्यापीरुपमा देखिएको छ ।

बलात्कार, हत्या-हिंसा, पारिवारिक कलह, सामाजिक द्वन्द्व, मर्यादाविहीन बहस, जिम्मेवारविहीन गतिविधि, समाजिक सञ्जालको दुरुपयोग, कुलत-दुर्व्यसनी, आत्मदाह आदि यसैका परिणाम हुन् ।

वि.सं. २०६२/०६३ पछि त यसले झनै भयावह रुप लिएको छ । गणतन्त्रको उद्देश्य र मर्मलाई बिर्सिएर संसद् भागवण्डाको मोलतोल गर्ने अमर्यादित थलो बन्यो । राष्ट्रिय महत्वको विषयलाई पन्छाउँदै पद बाँडफाँट र गठबन्धनको गणितले प्रमुख स्थान पायो । शिक्षा, स्वास्थ्य र रोजगारीको जनताको मागलाई बेवास्ता गर्दै संसद्को त्यो ऊर्जा राजनीतिक समिकरणमा खर्च गरियो ।

नीति, विधि र अनुशासनलाई लथालिंग बनाइयो, राज्यका निकायहरु लुला र कमजोर बनाइए । राजनीतिक लाभ, दलगत दबाब र व्यक्तिगत स्वार्थको आलोचनाबाट कार्यपालिकाका निर्णयहरु मुक्त रहेनन् । नीति निर्माणमा दूरदृष्टि पुऱ्याउन नसक्दा अन्तर्राष्ट्रिय जगतमा राज्यको विश्वास कमजोर हुन पुग्यो ।

सरकारैपिच्छे हुने योजनाको साटफेर र नीतिको फेरबदलले विकासको गतिलाई अगाडि बढ्नै दिएन । त्यस्तै न्यायिक निर्णयहरु पैसाको सौदाबाजीमा हुन थाले । गरिबले न्याय पाएनन् । न्यायालयले परिस्थिति र आवश्यकताको महत्वलाई बुझेर निर्णय गरेको पाइएन । न्यायालय हुनुको औचित्य नागरिक र देशप्रतिको बफादारी हो । निष्पक्ष न्याय मात्र पर्याप्त होइन, न्यायालयबाट दिने न्याय समाज, राष्ट्र र जनहितमा भयो कि भएन, छ कि छैन मुख्य कुरा हो ।

अर्कोतिर, राज्यका निकायहरुलाई मात्र दोष दिएर नागरिक समाज पन्छिन खोज्नु आत्मभूल हुनेछ । अरूबाट नियम र विधि खोज्ने तर अवसर पाउँदा 'हत्याउने-लत्याउने' प्रवृत्ति बढ्यो । नियम उल्लंघनको ज्वलन्त उदाहरण सडक यातायातलाई हेरे पुग्छ । कमजोर सडक अनुशासन तथा चालक-यात्रु दुवैको लापरबाहीको परिणाम दिनहुँको सडक दुर्घटना हो । यसलाई प्रभावकारी बनाउन सम्बन्धित निकाय लागेको देखिँदैन ।

निर्माण र सुधारमा ढिलाइ तथा लापरबाही गर्ने हाम्रो व्यवहारले विकासप्रतिको आशा पूरा गर्ला त रु समस्या स्थायी समाधान गर्न नसक्नु नै राज्य असफलताको उदाहरण हो । आज बनायो भोलि बिगार्ने, ग्रामीण सडकको बेहाल, शहरका फुटपाथको दुरावस्था, पैदलयात्रीको बेढंगको हिँडाइ, चालकको लापरबाही, सडक अतिक्रमण आदि अस्तव्यस्त अवस्थालाई सुधार्न नसक्नु सरकारको असफलता हो । अब साँच्चै सुधार गर्ने हो भने अनुशासनलाई कडाइका साथ पालना गराउन सरकार पछि पर्नुहुँदैन । अनि मात्र विकासको प्रतिविम्ब भेटिन्छ ।

वैज्ञानिक ढंगबाट निरिक्षण, परीक्षण र प्रयोग गर्दै काम गर्न सके दिगो विकास हासिल गर्न सकिन्छ । स्वदेशमै केही गरौँ न भन्दा पनि नसक्ने अवस्था छ । राजनीतिक अस्थिरताले जनताको चुलो निभ्यो, रोटी खोसियो । परिणाम, विदेशिन बाध्य हुनुपऱ्यो । समस्या विदेश जानुमा होइन, प्राप्त अनुभव र सीपलाई देशले प्रयोग गर्न नजान्नुमा छ । आउँदा दिनमा ज्ञान, सीप, प्रविधि र अनुभवले भरिएको त्यो मानव शक्तिलाई राज्यले स्वदेशमा अवसर प्रदान गरेर देश बनाउने शक्तिमा बदल्न सक्नुपर्दछ ।

अहिले युवालाई विदेश पलायन हुनबाट कसरी रोक्ने भन्ने चर्चा सबैतिर छ । यसको सजिलो जवाफ छ- देशमै रोजगारीको अवसर दिएर । तर त्यो अवसर दिन सक्ने अवस्थामा राज्य छ त रु छैन । अवसर सिर्जना गर्न पनि त केही समय लाग्ला, त्यतिन्जेल त्यो युवा केही गर्नका लागि विदेशिनु नै पर्ला । फेरि, कसैको रहर होइन विदेशिनु, अवसर, बाध्यता र जिम्मेवारीको कर्तव्य हो ।

त्यसरी विदेशिएको त्यो मानव शक्तिले अर्थतन्त्रलाई चलायमान पनि त बनाएको छ । ज्ञान, सीप र अनुभवको सम्पत्ति बनेर फर्किएको उसलाई अवसर दिन सके देशले विकासको गति लिनेछ । तर सवारीसाधन आयातमा अर्थतन्त्रको ठूलो हिस्सा बाहिरिएको हामी अनदेखा गरिरहेका छौँ । यसबाट न लागत फिर्ता हुन्छ, न सीप भित्रिन्छ । तसर्थ सवारीसाधन आयात 'ठीक' र विदेश जानु 'बेठीक' भन्ने भाष्य गलत छ । वृत्ति विकास र अवसरका लागि विदेशिनु सही हो तर त्यो पुञ्जलाई परिचालन गर्न राष्ट्रिय योजना नहुनु दुःखको कुरा हो । देशको अर्थतन्त्रको पहिरो सवारीसाधन आयातबाट गएको छ । यसलाई सरकारले रोक्नै पर्दछ । केही करको आशमा खर्बौं रकम बाहिर जानबाट रोक्न ढिला गर्ने हो भने विकास असम्भव छ ।

विकासका लागि अनुशासित हुनुपर्दछ, विलासी होइन । विलासिताले ज्ञानलाई अन्धो बनाउँछ, धैर्यता र सहनशीलता नष्ट गर्छ । त्यसै गरी विकास निर्माणका योजना सुरु गर्न वर्षौं र सम्पन्न गर्न दशकौं लागिरहेको छ । स्थानीयको अवरोध, राजनीतिक हस्तक्षेप, प्रशासनिक तथा कानुनी झन्झटका कारण राष्ट्रिय योजनाहरु निर्माण हुन सकिरहेका छैनन् । विकास सबैको चाहना हो तर अनुशासित हुन, नियम पालना गर्न र थोरै असुविधा स्वीकार्न कोही तयार छैनन् ।

यसै कारण 'विकास र अनुशासनका लागि नागरिक सभ्यता आवश्यक' भन्ने चेतनामूलक विचार यस लेखामार्फत् प्रस्तुत गरेको हुँ । कानुन बनाउँदैमा विकास हुने होइन, गलत अभ्यास सुधार्नु विकास हो । यसो गर्दा कसैको सुविधा खोसिएला, प्रभाव घट्ला, चोट पुग्ला, त्यो सहन सक्ने हिम्मत हामीले गर्नुपर्दछ । सुधार र विकासको शुरुवाती चरण पीडादायी नै हुन्छ । यसबाट कसै न कसैलाई एकखालको स्वाभाविक पीडा हुन्छ, सहने हिम्मत गरौँ ।

अन्त्यमा, यूवा पुस्ताले दीर्घकालीन विकासका लागि हिम्मत गर्नै पर्छ । विकास सबैको साझा हो । यसका लागि अनुशासनको कठोर मूल्य चुकाउन र सत्ताको निर्मम सुधार सहन हामी सबै तयार हुनै पर्दछ । यसको मतलब सत्ताले जे गरे पनि हुन्छ भन्ने होइन । शासन व्यवस्था जनउत्तरदायी र जवाफदेही बनाउन सबैले खबरदारी गर्नै पर्छ, यसमा दुईमत छैन । तर नागरिक कर्तव्य पनि निर्वाह हुनै पर्दछ ।

परिवर्तन एकै रातमा आउने होइन । यो एउटा चुनावदेखि अर्को चुनावसम्म आइसक्ने पनि होइन । एउटा सरकारले आफ्नै पालामा वा एउटा आन्दोलनले गर्न सक्ने पनि होइन । यो त २०-२५ वर्षसम्मको निरन्तर प्रयास र स्वाभाविक पीडा सहेर मात्र हुने हो । असल राजनीतिक संस्कार विकासको एउटा सर्त हो भने सामाजिक सहभागिता, प्रशासनिक सुधार, कानुनी निष्पक्षता, जिम्मेवार नेतृत्व र नागरिक खबरदारी विकासको अर्को सर्त हो । हामीले प्रदर्शन गर्ने अनुशासन वास्तविक विकासको सारथी हो । विकास, सुशासन र समृद्धिका लागि सुधारको कठोर मूल्य चुकाउन हामी तयार हुनै पर्दछ । प्रतिशोध, विरोध र स्वार्थको अन्धोपनाबाट संसद् माथि उठ्नै पर्छ । देश र जनतालाई साँच्चिकै केन्द्रमा राखेर न्यायिक उत्तरदायित्व, जिम्मेवारी, जवाफदेहिता र नागरिक कर्तव्य पूरा हुने नीति निर्माण गर्न सके मात्र विकास सम्भव छ ।

समाचारपत्रबाट

# मानिसलाई कसले मार्छः प्रकृति वा आत्महत्या ?

गोपाल बहादुर बोहरा

संसारमा दुई प्रकारका मानिस छन् । एकथरी जसले आफूले आफैँलाई अमर ठान्छन् । आफू हिँडेको बाटो उत्तम भनि दाबी गर्छन् ।  आफ्नो विचारलाई अरुकालागि मानक बनाउने प्रयास गर्छन् ।

उनीहरु आफू चन्द्रलोकमा जन्मिएर पृथ्वी घुम्न आएको जस्तो गर्विलो भाषामा कुरा गर्छन् ।  अर्को थरी भने आफूले जेसुकै राम्रो गरेपनि आफैलाई दोषी देख्छन् । निरह ठान्छन् । सायद यही आत्मग्लानी र निरन्तरको निराशाले जीवनलाई अन्त्य गर्ने निर्णय सम्म पुऱ्याउँछ कि ?

मानिस जुनसुकै धरातलमा जन्मिए पनि सबैमा एउटा मस्तिष्क छ । यही मस्तिष्क भित्र खुशी, दुःख, पीडा आफूलाई अन्त्य गर्ने विचार वा अनन्त कालसम्म बाँच्ने इच्छा अटाएका हुन्छन् । मानव इतिहासमा जीवन र मरणका कथाहरू पनि थुप्रैपटक लेखिए ।

कोही बहादुर वैभवले भरिपूर्ण भएर पनि आत्महत्या रोजे । कसैले रोगव्याधि, पीडा सहेर पनि पुरा जीवन सङ्घर्ष गरे । जीवनको अन्तिम सास रहेसम्म बाँचे।  यद्यपि, समाजमा आत्महत्या गर्नेहरुको इतिहास सबैकालमा कलंङ्कित छ । डर, लाज र त्रास सँग जोडिएको देखिन्छ । आत्महत्याका घटनालाई लुकाइन्छ । समाजले कलङ्कित गर्छ ।

परामर्श मनोविज्ञान अध्ययनको क्रममा र पछि काम गर्ने क्रममा आत्महत्याबाट ज्यान गुमाएकाहरुका घटनाको कथा सुनेँ, देखेँ र बुझ्ने अवसर पाएँ । मनोसामाजिक परामर्शकर्ताहरुलाई सुपरिवेक्षणको क्रममापनि यस्ता अनुभव दोहोरिरहे ।

तर एउटा प्रश्नले सधैँ पछ्याइरह्यो, आखिर मानिस किन आफ्नै जीवन अन्त्य गर्न तयार हुन्छ ? किन बाँच्न मन नलाग्ने अवस्था आउँछ ?  कि आवेगको परिणाम हो वा आशा सकिएको अनुभूति भएर वा मानसिक रोगको प्रभाव ?

यसको उत्तर सरल छैन । यसको कारण बहुआयामिक रहेको विभिन्न अध्ययनले देखाएका छन् । यसको परिणामलाई जैविक, मानसिक, सामाजिक र सांस्कृतिक पक्षहरुमा बाँडेर हेर्न सकिन्छ । केही मानिस तनाव, डिप्रेसनसँग जुधिरहेका हुन्छन् ।  कोही आफन्तको मृत्यु, रोगव्याधि, बिछोड दीर्घ रोग वा आर्थिक संकट भोगिरहेका हुन्छन् ।

कतिपयले सामाजिक लाञ्छना, भेदभाव र सम्बन्ध विच्छेदबाट गुज्रिनु परेको हुन्छ । मैले एक ठाउँमा पढेको थिए, "मानिस जन्मिदा त परी भएरै जन्मिन्छ तर पछि समाजले भ्यागुता बनाइदिन्छ" । सायद यो कथनले मानिसमा पर्ने सामाजिक नकारात्मक प्रभावलाई बुझाउन खोजेको होला ।

विश्वमा हरेक वर्ष सात लाखभन्दा बढी मानिसले आत्महत्याका कारण ज्यान गुमाउने गरेको विभिन्न अध्ययनले देखाएका छन् ।  एरिस्टोटल देखि सकारात्मक मनोविज्ञानको मुल मान्यता के हो भने मानिसले सुख र सन्तुष्टि खोज्छ । त्यसैगरी चार्ल्स डार्विनको जीवन रक्षा सिद्धान्त अनुसार जीवन जिउने इच्छा जन्मजातै हुन्छ वा सयौं वर्ष बाँच्न मन लाग्छ । डा. मार्क ल्यारीले आत्महत्याको बाटो रोज्ने व्यक्तिले पनि प्राथमिक रूपमा आफ्नो जीवनलाई अन्त्य गर्न चाहेको हुँदैनन् भनेर व्याख्या गरेको पाइन्छ ।

आत्महत्याको कारण व्यक्तिले केवल आफूलाई मात्रै गुमाउँदैन । उसले विभिन्न आश्रित व्यक्तिहरूलाई पीडामा छोडेर गएको हुन्छ । यसले आफूसँगै परिवार र समाजलाई पनि प्रभावित गर्ने हुन्छ ।

केही अध्ययनको एउटा आत्महत्याले १३५ जनालाई प्रत्यक्ष प्रभाव पार्न सक्ने देखाएका छन् । बाँचेकाहरू शोक, अपराधबोध, गुमाईको पीडा, सामाजिक लान्छना र कलंकका सिकार भएका हुन्छन् । हरेक वर्ष सेप्टेम्बर १० मा विश्व आत्महत्या रोकथाम दिवस् मनाइन्छ । नेपालमा दैनिक सरदर २० जनाको आत्महत्याको कारण मृत्यु हुने गरेको देखिन्छ ।

मनोविज्ञानका अनुसार आत्महत्या प्रायः जीवन समाप्त पार्ने इच्छा मात्र होइन, असह्य मानसिक र भावनात्मक पीडा, परिस्थितिजन्य तनाव, मन तथा भावनाको रोग लागेर वा आशा सकिए पछि आत्महत्याको बाटो रोजेका हुनसक्दछन् । तर हाम्रो समाजमा आत्महत्याको बारेमा खुलेर छलफल भएको देखिदैन् ।

यदि यो विषय खुला छलफल भएमा र रिपोर्टिङमा आएमा आत्महत्या रोकथामका लागि योजना बनाउन मद्दत मिल्दछ । यसका लागि सामुदाय, विद्यालय, कार्यस्थल वा हरेक ठाउँमा खुला छलफल गरिनुपर्दछ ।

यसमा सञ्चार माध्यमको भूमिका पनि महत्त्वपूर्ण हुन्छ । आत्महत्याका घटनालाई सनसनीपूर्ण ढंगले प्रस्तुत गर्नुको सट्टा, आशा तथा जीवनमा पाएका सफलताका कथाहरुलाई स्थान दिइनुपर्दछ ।

त्यसैगरी, विश्व स्वास्थ्य सङ्गठनको सिफारिस गरे अनुसार, आत्महत्या गर्न प्रयोगहुनसक्ने स्रोतहरूको पहुँचलाई कम गर्ने, युवा-युवतीहरूलाई जीवन जीउने सीप सिकाउने, जोखिममा रहेका व्यक्तीलाई समयमै पहिचान गरी उपचारमा जोड्ने र प्रभावकारी नीति तथा रणनीति लागु गर्ने कुरालाई प्राथमिकता दिनुपर्दछ ।

आत्महत्या रोकथाम सबैको साझा जिम्मेवारी हो । आत्महत्याका संकेतहरुलाई समयमै पहिचान गरी आवश्यक सहयोग उपलब्ध गराउन र उपचारमा जोड्न सके धेरै जीवन बचाउन सकिन्छ । आवश्यकता परे नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्न वा मनोसामाजिक परामर्शकर्ता, मनोविद, मनोचिकित्सक तथा आत्महत्याको रोकथामका लागि राष्ट्रिय हेल्पलाइन ११६६ मा फोन गरी निःशुल्क मनोपरामर्श सेवा लिन सकिन्छ ।

परामर्श मनोविद् (स्वास्थ्य खबरबाट)

# सर्पको टोकाइबाट कसरी जोगिने ? टोकिहालेमा के गर्ने ?

गर्मी र वर्षायाम सुरु भएसँगै सर्पको टोकाइ (सर्पदंश) का घटनाहरू निकै बढ्ने गर्छन् । नेपालमा विशेषगरी तराई र भित्री मधेशका भेगहरूमा बर्सेनि सर्पको टोकाइबाट सयौँ मानिस पीडित हुने र कतिपयले अकालमै ज्यान गुमाउनुपर्ने अवस्था छ ।

सर्पको टोकाइबाट जोगिन घरवरपरको वातावरण सफा राख्ने, हिँड्दा सावधानी अपनाउने र व्यक्तिगत सुरक्षामा ध्यान दिने नै सबैभन्दा प्रभावकारी उपाय हुन् । सर्प विशेषज्ञ कमल देवकोटाका अनुसार सामान्य सावधानी अपनाउँदा मात्रै पनि सर्पदंशको जोखिमबाट ठूलो मात्रामा बच्न सकिन्छ ।

**१. घर र वरपर सुरक्षित राख्ने उपायहरू**

झाडी र फोहोर नियमित सफा गर्नेः घरवरपर रहेका झाडी, कसिङ्गर, पातपतिङ्गर र दाउराका चाङहरू नियमित सफा गर्नुहोस्। यस्ता ओसिला र अँध्यारा ठाउँहरू सर्प लुक्ने मुख्य आश्रयस्थल हुन् ।

मुसाको नियन्त्रण गर्नेः सर्पको मुख्य आहारा मुसा हो । घर र गोठ वरपर मुसा बस्न नदिएमा सर्प आउने जोखिम स्वतः कम हुन्छ ।

प्वाल र चिराहरू टाल्नेः घरको पर्खाल, कच्ची भुइँ वा कुनाकाप्चामा भएका प्वाल र चिराहरूलाई माटो वा सिमेन्टले राम्रोसँग टाल्नुहोस् ।

भुइँमा नसुत्नेः विशेषगरी तराई क्षेत्रमा गर्मीको समयमा भुइँमा सुत्ने बानीले सर्पको टोकाइको जोखिम अत्यधिक बढाउँछ । सुत्नका लागि सधैँ खाटको प्रयोग गर्नुहोस् र खाटको चारैतिर राम्रोसँग घुसारेर झुल टाँगेर मात्र सुत्ने गर्नुहोस् ।

**२. बाहिर वा खेतबारीमा काम गर्दा अपनाउने सावधानी**

सुरक्षित पोशाक लगाउनेः खेतबारी, झाडी वा जङ्गलमा जाँदा अनिवार्य रूपमा घुँडासम्म आउने मोटो र लामो गम्बुट जुत्ता, मोटो मोजा र लामो पाइन्ट लगाउनुहोस् । बाहुला भएको लुगाले पनि शरीरलाई सुरक्षित राख्न मद्दत गर्छ ।

टर्चलाइटको प्रयोग गर्नेः रातिको समयमा बाहिर निस्कँदा (विशेषगरी गाउँघरमा शौचालय जाँदा वा गोठतर्फ जाँदा) सधैँ उज्यालो टर्चलाइट वा बत्ती बालेर मात्र हिँड्ने बानी बसाल्नुहोस् ।

लौरोको प्रयोग गर्नेः अँध्यारो वा घाँसपात भएको ठाउँमा हिँड्दा अगाडि लौरोले भुइँ ठटाउँदै हिँड्नुहोस् । लौरोको कम्पन र आवाजका कारण सर्प तपाईंको नजिक आउँदैन र टाढै भाग्छ ।

हात हाल्नुअघि सोच्नेः ढुङ्गाको चेप, रुखको प्वाल, पराल वा दाउराको चाङभित्र सिधैँ हात हाल्ने गल्ती कहिल्यै नगर्नुहोस् । पहिले लौरो वा लौरीको सहायताले ती ठाउँहरू छामेर मात्र काम गर्नुहोस् ।

विशेष सुझावः यदि असावधानीवश सर्पले टोकिहालेमा नआत्तिइकन बिरामीलाई शान्त राख्ने, टोकेको भागलाई हलचल हुन नदिने र जतिसक्दो चाँडो 'एन्टी-स्नेक भेनम' उपलब्ध भएको नजिकैको अस्पताल वा सर्पदंश उपचार केन्द्रमा पुऱ्याउनुपर्छ । घरेलु उपचार वा झारफुकको चक्करमा लागेर अमूल्य समय खेर फाल्नु हुँदैन ।

# सानिमा रिलायन्स लाइफ इन्स्योरेन्सको प्रथम प्रादेशिक भेला बुटवलमा, अध्यक्षमा कुँवर चयन



बुटवल । नेपाल राष्ट्रिय बिमा अभिकर्ता संघ (छाता संगठन) सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स लिमिटेडले प्रथम प्रादेशिक भेला शनिबार बुटवलमा एक भव्य कार्यक्रमका बीच सम्पन्न गरेको छ ।

सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स लिमिटेडका केन्द्रीय उपाध्यक्ष खड्कबहादुर क्षेत्रीको अध्यक्षतामा भएको कार्यक्रममा नेपाल राष्ट्रिय बिमा अभिकर्ता संघका केन्द्रीय अध्यक्ष राजेन्द्र अमात्यको प्रमुख आतिथ्यता रहेको थियो ।

कार्यक्रममा बोल्दै अमात्यले बीमा अभिकर्ताहरुको सबैभन्दा ठूलो संगठन नेपाल राष्ट्रिय बिमा अभिकर्ता संघ भएको बताउँदै यसको गरिमालाई जोगाइ राख्न बिमितको विश्वास जितेर काम गर्नुपर्ने बताए । उनले जुनसुकै संस्थाको विकास र हितका लागि संगठनको आवश्यकता हुने भएकाले लुम्बिनी प्रदेशमा भएको प्रथम भेलाबाट सक्षम नेतृत्व निर्माण हुने बताए ।

कार्यक्रममा सानिमा रिलायन्स लाइफ इन्स्योरेन्सका केन्द्रीय वरिष्ठ उपाध्यक्ष श्याम गुरुङ, केन्द्रीय उपाध्यक्षद्वय ऋषिराम भुसाल, रामजी पोखरेल, केन्द्रीय सहसचिव चन्द्रबहादुर नेपालीलगायतले शुभकामना मन्तव्य राख्दै बिमा पेशालाई मर्यादित र क्रियाशीलता बनाइ संगठितरुपमा अगाडि बढ्नुपर्ने बताए । नेपाल राष्ट्रिय बिमा अभिकर्ता संघमा १४ वटा जीवन बिमा र १४ वटा अरु निर्जीवन बिमा कम्पनीहरु आबद्ध रहेका छन् । कार्यक्रममा लुम्बिनी प्रदेशका १२ जिल्लाका करिब ७० जना अभिकर्ताहरुको सहभागिता रहेको थियो ।

सारदा खनालको स्वागत मन्तव्यमा भएको कार्यक्रमको सञ्चालन सानिमा रिलायन्स लाईफ इन्स्योरेन्स लिमिटेडका केन्द्रीय सहसचिव सुभाष रिजालले गरेका थिए ।

प्रथम प्रादेशिक भेलाले मानबहादुर कुँवरको अध्यक्षतामा १३ सदस्यीय नयाँ समिति सर्वसम्मतरुपमा चयन गरेको छ । जसको उपाध्यक्षमा केशरप्रसाद पोखरेल (नवलपरासी), प्रेम नारायण गैरे (कपिलवस्तु), पूर्णबहादुर गमाल मगर (प्यूठान), सचिवमा शारदा खनाल (बुटवल), सहसचिवमा चेतबहादुर सारु (पाल्पा), कोषाध्यक्षमा सञ्जु बस्याल (भैरहवा) चयन भएका हुन् । त्यस्तैगरी कार्यसमिति सदस्यहरुमा झलक कुमार चन्द (नेपालगञ्ज), देवेन्द्र चौधरी (दाङ), अमरबहादुर भाट क्षेत्री -अर्घाखाँची), विष्णु प्रसाद खनाल (बुटवल), माया पौडेल (कपिलवस्तु) र राजेश कुमार बानियाँ (भैरहवा) चयन भएका हुन् ।

नवनिर्वाचित समितिको टिमलाई निर्वाचन समितिका संयोजक ऋषिराम भुसालले सपथग्रहण गराएका थिए । उक्त निर्वाचन समितिको सदस्यहरुमा खडकबहादुर क्षेत्री र रामजी पोखरेल रहेका थिए ।

---

**सुस्तामा...**

यसले बेला-बेलामा दुवै पक्षबिच विवाद र तनाव सिर्जना हुने गरेको छ ।

सुस्तामा नेपाली भूमि भारतीय पक्षबाट अतिक्रमण भएको भन्दै स्थानीयले लामो समयदेखि आवाज उठाउँदै आएका छन् । स्थानीय बासिन्दाका अनुसार उनीहरूले खेतीपाती, आवतजावत र तटबन्ध निर्माणजस्ता काममा पटक-पटक अवरोध झेल्दै आएका छन् । सीमास्तम्भ नहुँदा भारतीय सुरक्षाकर्मीले बेला-बेलामा नेपाली क्षेत्रमा प्रवेश गर्ने गरेका छन् । पछिल्लो घटनाले स्थानीयमा असुरक्षाको भावना बढाएको उनीहरू बताउँछन् ।

नेपाल-भारत संयुक्त सीमा संयन्त्रले अधिकांश सीमाको नक्साङ्कन टुंग्याए पनि सुस्ता र कालापानी विवाद अझै समाधान हुन सकेका छैनन् । सीमा विज्ञहरूका अनुसार स्थायी समाधानका लागि संयुक्त प्राविधिक टोली, ऐतिहासिक नक्सा, सुगौली सन्धिका आधार र उच्चस्तरीय कूटनीतिक संवादलाई प्रभावकारी बनाउनुपर्ने आवश्यकता रहेको सुस्ता गाउँपालिकाका जनप्रतिनिधिहरु बताउँछन् ।

**कोशीको ...**

कोशी प्रदेशका मुख्यमन्त्री हिक्मत कार्कीलाई पदमुक्त गराउने प्रयास एमालेभित्रै भइरहँदा एमाले सचिव शेरधन राईले नेकपाका नेता भेटेका छन् । उनले नेकपा संसदीय दलका नेता इन्द्र आङ्बोसँग छलफल गरेका हुन् । एमाले-नेकपाबिच गठबन्धन गरेर जाने ओली-प्रचण्डबीचको सहमतिपछि दुई दलकाबिचमा औपचारिक छलफल भएको हो ।

हिक्मतलाई फेरेर तिलकुमार मेयाङ्बोलाई बनाउने तयारीमा एमाले अध्यक्ष केपी ओलीदेखि प्रदेशसम्ममा केही नेता लागेका छन् । सो विषयमा पनि दुई दलबीच छलफल भएको थियो । छलफलमा नेकपा नेता आङ्बोले एमालेको आन्तरिक समस्यामा नेपाली कम्युनिस्ट पार्टीलाई नपार्न भन्दै पहिले आफ्नो समस्या टुंग्याएर आएपछि सत्ता साझेदारीबारे छलफल गर्ने जवाफ दिएका छन् ।

उनले मुख्यमन्त्री को बनाउने एमाले पहिले टुंग्याउनुपर्ने सुझाव दिँदै दलभित्रको विषय प्रदेशसभामा प्रवेश गऱ्यो भने निर्णय अकल्पनीय हुन सक्ने चेतावनी दिएका छन् ।

एमाले कोशीका इञ्चार्जसमेत रहेका शेरधन राईले ओलीको सन्देश भन्दै शनिबार कार्कीलाई पद छाड्न भनेका थिए । उनकै नेतृत्वमा मुख्यमन्त्री फेर्न लबिङ भइरहेको छ । तर, कार्कीले संस्थागत निर्णय नभई मुख्यमन्त्रीबाट राजीनामा नदिने अडान लिएका छन् । कार्कीले असहमति जनाएपछि राई दलको नेता फेर्ने विकल्पमा समेत लागेका छन् ।

कोशी प्रदेशमा एमालेका ४० जना सांसद छन् । अन्यत्र सामान्य बहुमतले दलको नेता फेर्न सकिने भए पनि एमाले कोशीको विधानमा दलको नेता फेर्न दुई तिहाइ सदस्य आवश्यक पर्ने बताइएको छ ।

कार्की संविधानको धारा १६८ (५) अन्तर्गत मुख्यमन्त्री बनेका हुन् । दलको नेताबाट हटाए पनि उनले राजीनामा नदिएसम्म मुख्यमन्त्री पद नजाने उनी निकट सांसदहरू दाबी गर्छन् । मुख्यमन्त्री हटाउन उनीविरुद्ध अविश्वासको प्रस्ताव पेस गर्नु पर्छ । आफ्नै सांसदहरू लागेर अविश्वासको प्रस्ताव पेस गरे फेस गरेर जाने मुख्यमन्त्री कार्कीले बताउँदै आएका छन् । कोशीमा बहुमत पुऱ्याउन ४७ जना सांसद चाहिन्छ ।

**निजी ...**

निजी क्षेत्रमा काम गरिरहेका साथीहरू अत्यन्त सक्षम र अनुभवी हुनुहुन्छ । मैले पनि उहाँहरूसँग काम गर्ने र सिक्ने अवसर पाएको छु,' सभापति थापाले भने-'उहाँहरूको ज्ञान, क्षमता र अनुभव उत्कृष्ट छ । नेपालीहरू संसारभर आफ्नो क्षमता प्रमाणित गरिसकेका छन्, नेपालभित्र पनि धेरै सक्षम जनशक्ति छन् । सरकारले निजी क्षेत्रको योग्यता र क्षमतामाथि भरोसा गर्दै साझेदारीको भावना अपनाउनुपर्छ ।'

संसदमा यस विषयमा हुने बहसलाई थप प्रभावकारी र तथ्यपरक बनाउन डा. गोविन्द पोखरेल नेतृत्वको टोलीले आवश्यक सामग्री र अध्ययन प्रतिवेदनहरू सांसदहरूलाई तत्काल उपलब्ध गराउने तयारी गरिरहेको जानकारी समेत दिए ।

**रूपन्देहीका ...**

दैनिक उपभोग्य वस्तुमा बढ्दो मूल्यवृद्धि, ग्यासलगायतका वस्तुको कृत्रिम अभाव तथा कालोबजारी नियन्त्रण गर्न प्रभावकारी बजार अनुगमन गरी दोषीमाथि कडा कारबाही गर्न, किसानलाई आवश्यक मल, बिउ तथा कृषि सामग्री समयमै सहजरूपमा उपलब्ध गराउन सम्बन्धित निकायलाई जोडदार माग गरिएको छ । यसैगरी मिटरब्याज, लघुवित्त, सहकारी तथा अन्य वित्तीय संस्थामार्फत् भएका अनुचित लेनदेन, ठगी, शोषण र गैरकानुनी आर्थिक कारोबारको उच्चस्तरीय, निष्पक्ष तथा प्रभावकारी छानबिन गरी दोषी व्यक्ति तथा संस्थामाथि कानुनबमोजिम कडा कारबाही गरी पीडितलाई क्षतिपूर्तिसहित न्याय दिन पनि विज्ञप्तिमा माग गरिएको छ । विज्ञप्तिमा राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति महेन्द्र उपाध्याय, नेपाली कांग्रेसका सभापति राम कृष्ण खाँण, नेकपा (एमाले) का अध्यक्ष यज्ञ गैरे, नेपाली कम्युनिस्ट पार्टीका इञ्चार्ज निर्मल जि.सी., श्रम संस्कृति पार्टीका संयोजक छविलाल गुरुङ, नेकपा (माओवादी) का सेक्रेटरी वीरेन्द्र सी, नेकपा (मसाल) का प्रवक्ता लालचन्द्र पन्थ, क्रान्तिकारी कम्युनिस्ट पार्टीकी सेक्रेटरी लक्ष्मीकान्त पौडेल, जसपाका अध्यक्ष सियाराम यादव, नेकपाका इञ्चार्ज शरद ओली र राष्ट्रिय जनमोर्चाका प्रतिनिधि गंगा सापकोटाको हस्ताक्षर रहेको छ ।

---


## लुम्बिनी प्रदेश सरकार
## भौतिक पूर्वाधार विकास मन्त्रालय
## यातायात पूर्वाधार निर्देशनालय
## सडक पूर्वाधार विकास कार्यालय बर्दिया, गुलरिया

### बारबर्दिया-कर्तनिया-धधवार-गुलरा-धामपुर-शक्तिनगर-जमुनिया-खैलारघाट ठाकुरबाबा सडक खण्ड (३०.१६० कि.मी.) स्तरोन्नति आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

(प्रकाशित मितिः २०८३।०४।१८)

लुम्बिनी प्रदेश, बर्दिया जिल्ला, बारबर्दिया नगरपालिका र ठाकुरबाबा नगरपालिका अन्तर्गत बारबर्दिया-कर्तनिया-धधवार-गुलरा-धामपुर-शक्तिनगर-जमुनिया-खैलारघाट ठाकुरबाबा सडक खण्ड (३०.१६० कि.मी.) स्तरोन्नति कार्यका लागि भौतिक पूर्वाधार विकास मन्त्रालय, यातायात पूर्वाधार निर्देशनालय, सडक पूर्वाधार विकास कार्यालय, बर्दियाद्वारा देहाय बमेजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | लुम्बिनी प्रदेश सरकार, भौतिक पूर्वाधार विकास मन्त्रालय, यातायात पूर्वाधार निर्देशनालय, सडक पूर्वाधार विकास कार्यालय बर्दिया, गुलरिया सम्पर्क नं.: ९८५८०३२७२७ ईमेल : ridobardiya@gmail.com |
| प्रस्तावको व्यहोरा | सडकको क्षेत्राधिकार २० मिटर (१० मिटर दुवै तर्फ), फर्मेसन चौडाई ८ मिटर , क्यारिजवे चौडाई ५.५ मिटर र सोल्जर चौडाई १.२५मिटर (दुवै तर्फ), ड्रेनेज १ मिटर सडक निर्माण तथा स्तरोन्नति गर्ने । |
| प्रभाव पर्न सक्ने क्षेत्र | लुम्बिनी प्रदेश, बर्दिया जिल्ला बारबर्दिया नगरपालिका वडा नं ९, ८, १०, ६, ८, ३, २ र १ तथा ठाकुरबाबा नगरपालिका वडा नं ३, ४ |

माथि उल्लिखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको जैविक तथा पारिस्थितिकीय प्रणाली, प्राकृतिक तथा भौतिक प्रणाली, सामाजिक तथा आर्थिक प्रणाली र साँस्कृतिक प्रणालीहरु बीच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको नगरपालिका तथा त्यस क्षेत्रको विद्यालय, स्वास्थ्य संस्था तथा सरोकारवाला व्यक्ति वा संस्थाको राय सुझाव लिन आवश्यक भएकाले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र देहायमा उल्लिखित ठेगानामा आईपुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराईदिनुहुन अनुरोध गरिन्छ ।

**राय सुझाबको लागि पत्राचार गर्ने ठेगानाः**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | लुम्बिनी प्रदेश सरकार, भौतिक पूर्वाधार विकास मन्त्रालय, यातायात पूर्वाधार निर्देशनालय, सडक पूर्वाधार विकास कार्यालय बर्दिया, गुलरिया सम्पर्क नं.: ९८५८०३२७२७ ईमेल : ridobardiya@gmail.com |
| परामर्शदाताको नाम र ठेगाना | इन्फ्राटेक सिभिल सोलुसन तथा कन्सल्टेन्ट प्रा. लि. कालिका नगर-११ बुटवल, फोन : ९८४९९७८३६४ इमेल : sathibijay@gmail.com |



CUREX PHARMACEUTICAL'S PVT. LTD.(WHO-GMP And ISO 9001:2008 An ISO 14001:2004 Certified Company)

CON :- 9858026838
Email: qinternational786@gmail.com

## सार्वजनिक जानकारीको लागि सूचना जारी गरिन्छ

यस क्युरेक्स फर्मास्यूटिकल्स प्रा.लि. बाट उत्पादित औषधीहरुको निम्नानुसारको बजार दररेट तथा बिक्री मूल्य निर्धारण गरी यो दररेट राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशित गरिएको छ । यदि यी औषधीहरु कुनै संघसंस्था वा नेपाल सरकार अन्तर्गतका कार्यालयले खरिद गर्नु परेमा यस कम्पनीका आधिकारिक बिक्रेता श्री कियु इन्टरनेशनल/क्यु इन्टरनेशनल नेपालगञ्ज-११,बाँके पा.नं. ६०६४९९००२ संग खरिद गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

### CUREX PHARMACEUTICAL'S PRODUCT RATE LIST (FY: 2083/2084)

| SN | Generic Name | MRP |
|---|---|---|
| 1 | Acyclovir 200 | 10.00 |
| 2 | Acyclovir 400 | 20.00 |
| 3 | Acyclovir 5g Cream | 80.00 |
| 4 | Albendazole 400 | 10.00 |
| 5 | Albendazole Susp | 18.00 |
| 6 | Alprazolam 0.25mg | 1.70 |
| 7 | Alprazolam 0.50mg | 3.40 |
| 8 | Amitriptyline 10mg | 2.40 |
| 9 | Amitriptyline 25mg | 3.80 |
| 10 | Amlodipine + Losartan pottassium L 27.5mg | 6.00 |
| 11 | Amlodipine + Losartan pottassium L 55mg | 12.00 |
| 12 | Amlodipine 10 | 8.00 |
| 13 | Amlodipine 5mg | 5.00 |
| 14 | Amlodipine2.5mg | 2.30 |
| 15 | Amoxycillin 125mg | 3.00 |
| 16 | Amoxycillin 250mg | 5.00 |
| 17 | Amoxycillin 500mg | 8.00 |
| 18 | Amoxycillin 60ml Dry syrup | 80.00 |
| 19 | Amoxycillin 90ml Dry syrup | 110.00 |
| 20 | Anticold Susp | 60.00 |
| 21 | Antacid Gel | 121.00 |
| 22 | Antacid Tab | 3.00 |
| 23 | Anticold Tab | 3.00 |
| 24 | Atenolol 100 | 6.00 |
| 25 | Atenolol 25 | 2.20 |
| 26 | Atenolol 50 | 4.00 |
| 27 | Atorvastatin 10mg | 10.78 |
| 28 | Atorvastatin 20mg | 20.60 |
| 29 | Atorvastatin 5mg | 6.75 |
| 30 | Azithromycin 100mg Susp | 110.00 |
| 31 | Azithromycin 200mg Susp | 160.00 |
| 32 | Azithromycin 250mg | 17.45 |
| 33 | Azithromycin 500mg | 30.00 |
| 34 | Benzoic acid + Salicyclic acid 30g | 65.00 |
| 35 | Calamine 100ml | 110.00 |
| 36 | Calamine 30ml | 45.00 |
| 37 | Calcium 500mg Tab | 6.00 |
| 38 | Calcium Susp | 100.00 |
| 39 | Cefixime 100mg | 16.00 |
| 40 | Cefixime 200mg | 20.00 |
| 41 | Cefixime 400mg | 50.00 |
| 42 | Cefixime 60ml Syrup | 180.00 |
| 43 | Cefpodoxime 200mg | 25.00 |
| 44 | Cefpodoxime 60ml Syrup | 170.00 |
| 45 | Cetirizine HCL 10mgTab | 4.00 |
| 46 | Cetirizine HCL Susp | 55.00 |
| 47 | Chloramphenicol 500 Cap | 14.00 |
| 48 | Chloramphenicol Syrup | 100.00 |
| 49 | Chlorpheniramine Maleate 4mg | 1.50 |
| 50 | Ciprofloxacin 250mg | 6.00 |
| 51 | Ciprofloxacin 500mg | 8.00 |
| 52 | Clotrimazole Cream 15g Tube | 55.00 |
| 53 | Clotrimazole Pessary Tab | 11.00 |
| 54 | Clotrimazole Vaginal Gel | 80.00 |
| 55 | Cloxacillin Sodium 250mg | 5.00 |
| 56 | Cloxacillin Sodium 500mg | 13.00 |
| 57 | Cloxacillin Sodium Dry Syrup | 130.00 |
| 58 | Diclofenac 30gm Gel | 100.00 |
| 59 | Diclofenac 50mg Tab | 4.00 |
| 60 | Diclofenac Mouth Wash 100ml | 110.00 |
| 61 | Domperidone 10mg Tab | 5.00 |
| 62 | Domperidone Susp | 50.00 |
| 63 | Esomeprazole 20 Mg | 5.00 |
| 64 | Esomeprazole 40Mg | 11.00 |
| 65 | Emagliflozin 25 | 30.00 |
| 66 | Ferrous Salt + Folic acid (Iron) Tab | 3.00 |
| 67 | Fexofenadine 120 | 11.00 |
| 68 | Fexofenadine 180 | 16.00 |
| 69 | Fexofenadine Susp | 150.00 |
| 70 | Fluconazole 150mg | 24.00 |
| 71 | Folic acid 5mg Tab | 2.25 |
| 72 | Frusemide 40mg | 1.50 |
| 73 | Gamma Benzene Hexachloride 60ml | 75.00 |
| 74 | Glimepiride 1mg | 4.00 |
| 75 | Hand Sanitizer Gel 100 | 140.00 |
| 76 | Hand Sanitizer Gel 200 | 300.00 |
| 77 | Hand Sanitizer Gel 5 Ltr | 3500.00 |
| 78 | Hand Sanitizer Gel 500 | 465.00 |
| 79 | Hand Sanitizer Liquid 100ml | 125.00 |
| 80 | Hand Sanitizer Liquid 200ml | 250.00 |
| 81 | Hand Sanitizer Liquid 5 Ltr | 3000.00 |
| 82 | Hand Sanitizer Liquid 500ml | 450.00 |
| 83 | Hydrochlorothiazide 12.5 Mg | 1.25 |
| 84 | Hydrochlorothiazide 25 Mg | 3.00 |
| 85 | Hyoscine Butyl Bromide 10mg | 12.00 |
| 86 | Hyoscine Butyl Bromide 20mg | 28.00 |
| 87 | Ibuprofen 200mG | 2.00 |
| 88 | Ibuprofen 400mG | 4.00 |
| 89 | Iron (III) hydroxide polymaltose & Folic Acid Tablets IP | 8.00 |
| 90 | Iron (III) hydroxide polymaltose Syrup IP | 140.00 |
| 91 | Iron Cap | 4.50 |
| 92 | Iron Syrup 200ml | 140.00 |
| 93 | Itraconazole | 40.00 |
| 94 | Levocetirizine Susp | 65.00 |
| 95 | Levocetirizine Tab | 6.00 |
| 96 | Losartan Potassium 25 | 4.41 |
| 97 | Losartan Potassium 50 | 7.60 |
| 98 | Montelukast 10mg + Levocetrizine 5mg | 20.00 |
| 99 | Metformin 500mg | 2.00 |
| 100 | Metformin 850mg | 3.50 |
| 101 | Metformin 500mg + Sitagliptin 50mg | 26.00 |
| 102 | Metformin 850mg + Sitagliptin 50mg | 27.00 |
| 103 | Metformin 1000mg + Sitagliptin 50mg | 29.00 |
| 104 | Metformin 1000mg + Glimepiride 1mg | 11.00 |
| 105 | Metronidazole 200mg | 2.00 |
| 106 | Metronidazole 400mg | 3.00 |
| 107 | Metronidazole 60ml Susp | 80.00 |
| 108 | Mefenamic Acid | 5.00 |
| 109 | Multivitamin Cap | 4.00 |
| 110 | Nimesulide Gel | 90.00 |
| 111 | Nimesulide Tab | 3.00 |
| 112 | Ofloxacin 100 | 5.50 |
| 113 | Ofloxacin 200 | 7.00 |
| 114 | Ofloxacin 400 | 8.00 |
| 115 | Ofloxacin Susp | 90.00 |
| 116 | Omeprazole 20mg | 4.00 |
| 117 | Ondansetron 4mg | 7.00 |
| 118 | Ondansetron 8mg | 10.00 |
| 119 | Ondansetron Susp | 70.00 |
| 120 | ORS | 10.00 |
| 121 | Pantoloc DSR | 17.50 |
| 122 | Pantoprazole 40mg Tab | 8.00 |
| 123 | Paracetamol 125 60ml Susp | 30.00 |
| 124 | Paracetamol 500mg | 1.00 |
| 125 | Paracetamol Drop | 30.00 |
| 126 | Paracetamol & Caffeine Tablets | 2.50 |
| 127 | Paracetamol & Ibuprofen suspension | 30.00 |
| 128 | Paracetamol & Ibuprofen tablets | 2.00 |
| 129 | Povidone Iodine 10% 100ml | 170.00 |
| 130 | Povidone Iodine 10% 30ml | 70.00 |
| 131 | Povidone Iodine 10% 450ml | 450.00 |
| 132 | Povidone Iodine 10% 60ml | 100.00 |
| 133 | Povidone Iodine 5% 100ml | 100.00 |
| 134 | Povidone Iodine 5% 15gm Oint | 50.00 |
| 135 | Povidone Iodine 5% 30ml | 45.00 |
| 136 | Povidone Iodine 5% 450ml | 275.00 |
| 137 | Povine Gargle 100 ml | 110.00 |
| 138 | Povine Gargle 60 ml | 65.00 |
| 139 | Pregabalin 150 | 23.00 |
| 140 | Pregabalin 75 | 16.50 |
| 141 | Pregabilin -75, Methylcobalamine 1500 | 33.00 |
| 142 | Pregabilin -75, Methylcobalamine 750 | 22.00 |
| 143 | Ranitidine HCL 150Mg | 3.00 |
| 144 | Ramipril 10 mg Tab | 15.50 |
| 145 | Rosuvastatin 10 | 17.00 |
| 146 | Rosuvastatin 20 | 35.00 |
| 147 | Salbutamol 4mg Tab | 2.00 |
| 148 | Salbutamol 100ml Syrup | 55.00 |
| 149 | Silver Sulphadiazine Cream 15gm | 75.00 |
| 150 | Sulpha + Trimeh 480mg | 4.00 |
| 151 | Sulpha + Trimeh 960mg | 6.00 |
| 152 | Sulpha + Trimeh Susp | 70.00 |
| 153 | Tinidazole 1000 | 11.00 |
| 154 | Tinidazole 500 | 5.00 |
| 155 | Vitamin B Complex 100ml Syrup | 90.00 |
| 156 | Vitamin B Complex 200ml Syrup | 150.00 |
| 157 | Vitamin B Complex Tab | 5.00 |
| 158 | Vitamin B Complex With Zinc Cap | 6.00 |
| 159 | Vitamin D 60K | 45.00 |
| 160 | Vitamin E 400 | 8.00 |
| 161 | Zinc 20mg Tab | 5.00 |
| 162 | Chlorhexgel 3gm | 30.00 |
| 163 | Chlorhexgel 5gm | 35.00 |
| 164 | Neomycin Cream 15 gm | 45.00 |



## क्राउन रिजर्व डिस्टिलरी लिमिटेड

शुद्धोधन-३, रूपन्देही

### मूल्य सूची सम्बन्धी सूचना

यस उद्योगबाट उत्पादित निम्न लिखित ब्राण्डहरुको मदिरा आ.व. २०८३/२०८४ को लागि अर्को सूचना प्रकाशित नहुँदासम्मको लागि मिति २०८३/०४/१८ गतेदेखि लागू हुने गरी प्रदेश नं.७ का निम्ति निम्न लिखित मूल्यमा बिक्री/वितरण गर्नु/गराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| S. N. | Brands | UP | ML | Dealer Price | Dealer Commission | Wholesale Price | Wholesale Commission | Retail Price | Retail Commission | Consumer Price | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | Per Case | Per Bottle |
| 1 | Picnic | 50 | 180 | 6700 | 290 | 6990 | 310 | 7300 | 1100 | 8400 | 175 |
| 2 | Heater xxx | 50 | 180 | 6700 | 290 | 6990 | 310 | 7300 | 1100 | 8400 | 175 |
| 3 | Ruchi | 70 | 300 | 1375 | 75 | 1450 | 60 | 1510 | 740 | 2250 | 75 |
| 4 | Eden Premium | 70 | 300 | 1375 | 75 | 1450 | 60 | 1510 | 740 | 2250 | 75 |
| 5 | Glider Premium | 70 | 300 | 1275 | 65 | 1340 | 55 | 1395 | 705 | 2100 | 70 |
| 6 | Pukar Litchi | 70 | 300 | 1200 | 60 | 1260 | 55 | 1315 | 635 | 1950 | 65 |
| 7 | Ruchi Orange | 70 | 300 | 1200 | 60 | 1260 | 55 | 1315 | 635 | 1950 | 65 |
| 8 | Ruchi Apple | 70 | 300 | 1200 | 60 | 1260 | 55 | 1315 | 635 | 1950 | 65 |

नोटःउपरोक्त मूल्यमा मु.अ.कर समेत समावेश गरिएको छ ।



## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?

हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।

क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी

**विशाल सेनेटरी**

बर्मेलीटोल, भैरहवा

मो.9847324755,9804406297



## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः

**तिनाउ सेनेटरी**

बुटवल-१०, सुख्खानगर, रूपन्देही,

फोनः ९८५७०५८८१३,९८०७१८०८१३



## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः

**सीताराम सफा सेनेटरी**

भैरहवा

९८६९७८९२७५,९८००७६०६२२

# नेपाल-बंगलादेश साझा पर्यटन कार्यक्रम आवश्यक : राजदूत रहमान



बुटवल । नेपालका लागि बङ्गलादेशका राजदूत मोहम्मद सफिक उर रहमानले नेपाल र बंगलादेशबिच पर्यटन प्रवर्द्धनका साझा कार्यक्रम आवश्यक रहेको औंल्याएका छन् ।

बुद्ध जन्मस्थल लुम्बिनी र बुटवलको लुम्बिनी केबलकारको भ्रमणपछि राजदूत रहमानले लुम्बिनी क्षेत्रमा पर्यटन विकासको प्रचूर सम्भावना रहेको बताए ।

नेपाल भ्रमण गर्ने मध्ये चौथो ठूलो संख्या बंगलादेशका पर्यटक रहेको उल्लेख गर्दै रहमानले यो संख्या थप वृद्धि गर्न आफूले पहल गर्ने बताए ।

'लुम्बिनी र बुद्धसँग जोडिएका ऐतिहासिक सम्पदाहरुसँगै प्राकृतिक हिसाबले रमणीय हिल स्टेशनहरु विदेशी पर्यटकका लागि आकर्षक गन्तव्य हुन्,' राजदूत रहमानले भने-'दीगो पर्यटनका लागि नेपाल र बंगलादेशबिच दुबै देशको पर्यटन प्रवर्द्धन हुने गरी साझा पर्यटन कार्यक्रम बनाउन सकिन्छ ।'

केबलकारको यात्रापछि राजदूत रहमानले केबलकारमार्फत् पर्यटकीय गन्तव्य बनेका नेपालका हिल स्टेशनहरु भारतीय पर्यटकको लागि मुख्य आकर्षण र घुमफिरको रोजाई बन्न सक्ने औंल्याए ।

राजदूत रहमानले बुटवल र सिंगो रुपन्देहीले पूर्वाधार विकासमा तीव्ररुपमा फड्को मारेको उल्लेख गर्दै भविष्यमा यहाँ पर्यटन, कृषि र साना तथा मझौला व्यवसायको राम्रो सम्भावना रहेको बताए । राजदूत रहमानले नेपाल-बङ्गलादेशबिच जनस्तरमा समेत सम्बन्ध विस्तार भइरहेको बताउँदै आफूले लुम्बिनी क्षेत्रको पर्यटन र कृषि क्षेत्रको प्रवर्द्धनलाई प्राथमिकतामा राखेको बताए । राजदूत रहमानलाई लुम्बिनी केलबकारका लगानीकर्ता तेजप्रसाद विक, अपरेसन म्यानेजर डिएन कायस्थ सैंजूले स्वागत गर्दै केबलकार सञ्चालनको अवस्थाबारे जानकारी गराएका थिए ।

# यातायात सेवा कार्यालयले उठायो २२ करोड बढी राजस्व

**कृष्ण पोखरेल**
*पाल्पा*



यातायात व्यवस्था सेवा कार्यालय तानसेन पाल्पाले एक वर्षको अवधिमा २२ करोड १७ लाख ७१ हजार १ सय १० रुपैयाँ राजस्व संकलन गरेको छ । आर्थिक वर्ष २०८२ श्रावणदेखि २०८३ असार मसान्तसम्मको अवधिमा कर्यालयले विभिन्न ९ वटा शीर्षकमा गतवर्षभन्दा २ करोड बढी राजस्व संकलन गरेको हो । कार्यालयले आर्थिक वर्ष २०८१/०८२ मा २० करोड १९ लाख २० हजार ८ सय ९० रुपैयाँ राजस्व संकलन गरेकोमा आ. व. २०८२/०८३ मा २ करोड बढी राजस्व संकलन भएको कार्यालयका निमित्त प्रमुख श्रीराम पाण्डेले बताए ।

यातायात सेवा कार्यालय पाल्पाले सवारीसाधन कर वापत १७ करोड २९ लाख ८ हजार ५ सय ३५ रुपैयाँ, अन्य प्रशासनिक सेवा शुल्कबाट १ लाख २७ हजार, सवारी नविकरण वापत १ करोड १२ लाख ८३ हजार ४ सय ५० रुपैयाँ, सवारीचालक अनुमति पत्र शुल्क वापत २ करोड ८७ लाख ९९ हजार रुपैयाँ, यातायात क्षेत्रको आम्दानी वापत २६ लाख ६८ हजार ३ सय रुपैयाँ, आयकर वापत ५९ लाख ८४ हजार ८ सय २५ रुपैयाँ गरी २२ करोड १७ लाख ७१ हजार १ सय १० रुपैयाँ राजस्व संकलन भएको निमित्त प्रमुख पाण्डेले जनाए ।

सेवा कार्यालयबाट ३५ हजार १ सय ४६ वटा निजी तथा सरकारी सवारी साधन नवीकरण भएका छन् भने १ हजार ५ सय ७१ वटा सवारी साधनबाट स्थायी बाटो इजाजतपत्र रुट नविकरण भएको छ । १ हजार ३ सय ६२ वटा सार्वजनिक सवारी साधनको प्राविधिक जाँचपास, ५ हजार सवारी साधनले, अस्थायी बाटो इजाजतपत्र पटके सेवा लिएका छन् ।

कार्यालयबाट ७ हजार ७ सय ७३ जनाले नयाँ सवारी चालक अनुमति पत्रको लागि दर्ता गरेका छन् जसमा लिखित परीक्षामा ६ हजार ३ सय ९८ जना पास भएका छन् । कार्यालयले एक वर्षको अवधिमा ५ हजार ५ सय ४१ वटा नयाँ सवारीचालक अनुमतिपत्र जारी गरेको छ । ट्रायल परीक्षामा ११ हजार ३ सय ७ जना सहभागी भएकोमा ५ हजार ८१ जना पास भएको र ३ हजार ६ सय १० जनाले पुन रि ट्रायल परीक्षा दिएको कार्यालयले जनाएको छ । चालक अनुमतिपत्रका सवारी साधनको वर्ग थपको लागि १ हजार ५ सय ६२ जनाले आवेदन दिएको, ६ सय ४९ जनाको वर्ग थप भएको छ । कार्यालयबाट सवारी चालक अनुमतिपत्र नविकरण ४ हजार ५ सय ५१ जनाबाट भएको, प्रतिलिपि ४ जनाले लिएका छन् । यसैगरी कार्यालयले एक वर्षको अवधिमा ११४ वटा लिखित परीक्षा लिएकोमा ३४ वटा ट्रायल परीक्षा लिएको निमित्त कार्यालय प्रमुख पाण्डेले जानकारी दिए ।

यातायात सेवा कार्यालय पाल्पाबाट दुई पाङ्ग्रेमा स्कुटर, मोटरसाइकल, चार पाङ्ग्रेमा जीप, कार भ्यान चालक अनुमतिपत्र प्रदान, सबै किसिमका सवारीसाधन, चालक अनुमतिपत्र नविकरण, स्थायी अस्थायी रुट प्रदानलगायतका प्रदान हुँदै आएका छन् ।

# महिला साइकल रेस प्रतियोगिता विवादित



देवदह । देवदह नगरपालिका-५, वडास्तरीय खेलकुद समितिद्धारा आयोजित टोलस्तरीय खुल्ला महिला साइकल रेस प्रतियोगिता विवादित बनेको छ । समितिले तय गरेको भन्दा अन्य रुट प्रयोग गरेर विजय हासिल गरेको भन्दै विजेतालाई पुरस्कार वितरण नगरेपछि विवाद सुरु भएको हो ।

आयोजक समितिले साइकल रेस सम्पन्न गरी २५ वर्षभन्दा माथिका प्रतियोगिलाई पुरस्कार वितरण गर्न लागिएको अवस्थामा विवाद चुलिएपछि पुरस्कार वितरण कार्यक्रम स्थगित गरेको हो । विजेता घोषणा गरेर पुरस्कार वितरण गर्ने कार्यक्रममा प्रतियोगितामा तृतीय हुने प्रतियोगीलाई पुरस्कार वितरण गरेपनि आयोजकले उक्त पुरस्कार रद्द गरिएको भनेपछि विवाद झन् चर्किएको टोल विकास संस्थाका प्रतिनिधिहरुको भनाइ रहेको छ । अधिकांश टोल विकास संस्थाका प्रतिनिधिहरुले आयोजकले व्यवस्थापन गर्न नसक्दा विवाद भएको बताएका छन् । घुम्तीमा रुट स्पष्ट पार्नको लागि जानकारी दिने मान्छे राख्नु पर्ने भए पनि आयोजकले त्यसो नगरेको र रुट स्पष्ट नभएका कारण विवाद भएको बताएका छन् ।

गौतमबुद्ध राष्ट्रिय उद्यानबाट सुरु भएको टोलस्तरीय खुल्ला महिला साईकल रेस प्रतियोगिता शिवालय टोल, मिलनचोक, शितलनगर, घोडाहाको देवदह दह, हुँदै देवदह नगर अस्पतालमा आएर समापन गरिएको थियो । रुट प्रयोग गरेको वा नगरे भन्ने कुरा आयोजकले पहिल्यै नै व्यवस्थापन गर्नुपर्ने टोल विकास संस्थाका प्रतिनिधिहरुले बताएका छन् । गलत बाटो हुँदै विजेता बन्नेहरुलाई किन पुरस्कार प्रदान गरियो भन्दै टोल विकास संस्थाका प्रतिनिधिहरुले आक्रोस पोखेका थिए । यता देवदह नगरपालिका-५, का वडाध्यक्ष गणेश डुम्रेले आयोजकले तय गरेको रुट प्रयोग नगरेर अन्य बाटो हुँदै गएपछि प्रतियोगिताका विजेताहरुलाई पुरस्कार वितरण नगरेको बताए । समितिले तय गरेको रुट प्रयोग गरेको वा नगरे भन्ने कुरा स्पष्ट रुपमा भिडियो भएको र यस विषयमा टोल विकास संस्थाका प्रतिनिधहरुहरुसँग संयुक्त बैठक बसेर अगाडि बढ्ने र प्रतियोगिताका विजेताहरुलाई पुरस्कार वितरण गर्ने वडाअध्यक्षसँगै ववडास्तरीय खेलकुद समितिको संरक्षक समेत रहेका डुम्रेले जनाए ।

१५ देखि २५ वर्ष र २६ वर्षदेखि माथि गरी दुई समूहमा आयोजित प्रतियोगितामा ६३ जना महिलाहरुले सहभागिता जनाएका थिए । २६ वर्षदेखि माथिको प्रतियोगितामा कोलुवा शान्ति टोलका कोड नम्बर १३१ का तुनीसरा काम्मु प्रथम, बुद्ध टोल विकास संस्थाका कोड नम्बर १३८ का विष्णुमाया पुन द्वितीय र कोलुवा शान्ति टोलका कोड नम्बर १०२ का धनीसरा सिंजाली तृतीय भएका थिए, तर आयोजकले उनीहरुले गलत रुट प्रयोग गरेको भन्दै रद्द गरेका छन् । तर प्रतियोगितामा विजेता भएकाहरुले भने आफूहरुलाई गाइड गर्नेहरुले जुन रुट देखाएका थिए त्यही बाटो हुँदै गएको बताएका छन् । यसैगरी १५ देखि २५ वर्षकाबिच भएको प्रतियोगितामा संगम पाल्पाली टोल विकासका कोड नम्बर २१३ का स्नेहा सुनार प्रथम, मितेरी टोल विकासका कोड नम्बर २१९ का लिजा कडेल द्वितीय र आर्दश टोल विकासका कोड नम्बर २२८ का श्रया थापा तृतीय भएका छन् ।

उनीहरुलाई जनही एक/एक वटा लेडिज साइकल र नगद पुरस्कार प्रदान गरिएको छ । वडास्तरीय खेलकुद समितिका अध्यक्ष नविन लुइँटेलको अध्यक्षतामा भएको कार्यक्रममा नगर उप-प्रमुख विद्यालक्ष्मी गुरुङ, वडाध्यक्ष गणेश डुम्रे, वडा नम्बर ९ का वडाध्यक्ष मोहन जिसी, देवदह साइकलिङ्ग क्लबका हरि भण्डारीले बोल्दै साइकल रेस प्रतियोगिताले वातावरण संरक्षणमा टेवा पुऱ्याउने बताएका थिए ।

# चन्द्रकोटमा शिक्षा, स्वास्थ्य र पूर्वाधारमा समग्र विकासको प्रयास



**प्रेम सुनार**
*गुल्मी*

चन्द्रकोट गाउँपालिकाले आर्थिक वर्ष २०८३/०८४ का लागि ल्याएको बजेटलाई समग्रमा हेर्दा शिक्षा, स्वास्थ्य, सामाजिक विकास, पूर्वाधार, कृषि, रोजगार, उद्यमशीलता तथा स्थानीय अर्थतन्त्रलाई जोड्ने प्रयास गरेको छ ।

कुल रु. ५७ करोड ४५ लाखको बजेटमा चालुतर्फ रु. ४४ करोड ७१ लाख ७० हजार र पुँजीगततर्फ रु. १२ करोड ७३ लाख ३० हजार विनियोजन गरिएको छ ।

बजेटको महत्वपूर्ण पक्ष शिक्षा क्षेत्रलाई दिइएको प्राथमिकता हो । गुणस्तरीय शिक्षा अभिवृद्धि, शैक्षिक पूर्वाधार निर्माण तथा सुधार कार्यक्रमका लागि रु. १ करोड १९ लाख, साझेदारीमा विद्यालय पूर्वाधार विकासका लागि रु. ३० लाख तथा 'सबैका लागि शिक्षा' अन्तर्गत रु. १४ करोड ९७ लाख विनियोजन गरिएको छ ।

विद्यालय भवन मात्र बनाउनेभन्दा शिक्षा सुधार र गुणस्तर अभिवृद्धिलाई समेत बजेटले सम्बोधन गर्न खोज्नु सकारात्मक पक्ष हो ।

स्वास्थ्य क्षेत्रमा बजेटले निकै फराकिलो दायरा समेटेको छ । चन्द्रकोट आधारभूत अस्पताललाई २४ घण्टे सेवा, मेडिकल अधिकृतसहित सञ्चालन गर्ने, थप रु. ८५ लाख संघीय सशर्त बजेट ल्याउने, रु. १८ लाखमा सुविधासम्पन्न एम्बुलेन्स खरिद गर्ने तथा स्वास्थ्य बीमाको प्रथम बिन्दुका रूपमा अस्पताललाई स्थापित गर्ने योजना उल्लेखनीय छन् ।

त्यसैगरी वृहत् स्वास्थ्य शिविर, वडा तहमा एकीकृत स्वास्थ्य शिविर, गर्भवती महिलाका लागि भिडियो एक्सरे, ज्येष्ठ नागरिक घरदैलो स्वास्थ्य सेवा, निःशुल्क आँखा परीक्षण तथा मोतियाबिन्दुको शल्यक्रिया, विपन्न तथा दीर्घरोगीका लागि उपचार सहयोगलगायत कार्यक्रमले स्वास्थ्य सेवालाई नागरिकको घरदैलोमा पुऱ्याउने सोच देखाउँछन् । समग्र स्वास्थ्य सेवाका लागि रु. ४ करोड ७९ लाख ३१ हजार विनियोजन हुनु पनि यस क्षेत्रलाई दिइएको प्राथमिकताको स्पष्ट संकेत हो ।

त्यस्तैगरी शान्तिपुर बजारदेखि चन्द्रकोट आधारभूत अस्पताल र प्रशानिक भवन जोड्ने पहुँच मार्ग स्तरवृद्धिका लागि यसै वर्ष त्यस पालिका संघ सरकार बाट सवा दुई करोड बजेट स्वीकृत गराउन सफल भएको छ र यश बर्ष ७० लाखको काम हुँदैछ । यो अर्को उपलब्धि हो । गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मण चालिसे शिक्षा र स्वास्थ्यलाई विशेष प्राथमिकता दिइएको बताउँछन् । उनी भन्छन्-"शिक्षा र स्वास्थ्यमा हामीले अलि बढी नै जोड दिएका छौं ।"

महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक तथा सीमान्तकृत समुदायलाई बजेटले समेटेको छ ।

महिला सशक्तीकरण, जीविकोपार्जन सुधार, बालमैत्री वडा घोषणा, बालविवाह न्यूनीकरण, जातीय विभेद तथा छुवाछुतविरुद्धका कार्यक्रम, अपाङ्गता सहायता तथा ज्येष्ठ नागरिकका लागि स्वास्थ्य र तीर्थाटन कार्यक्रमले सामाजिक सुरक्षाको दायरालाई फराकिलो बनाउने प्रयास गरेको देखिन्छ ।

यी कार्यक्रमअन्तर्गत संघीय, प्रदेश र पालिका तहबाट गरी रु. ५० लाख ४७ हजार विनियोजन गरिएको छ ।

पूर्वाधार चन्द्रकोटको बजेटको अर्को ठूलो प्राथमिकता हो । गाउँपालिकास्तरीय पूर्वाधार विकासका लागि रु. १ करोड, आठवटै वडाको समग्र पूर्वाधार तथा अन्य विकासका लागि रु. ५ करोड ३९ लाख विनियोजन गरिएको छ ।

विभिन्न सडकखण्ड स्तरोन्नति तथा ढलान, वडा भवन निर्माण, विद्यालय भवन, सभाहल, मन्दिर तथा खानेपानी योजनामा समेत बजेट छुट्याइएको छ ।

विशेषगरी शान्तिपुर बजारदेखि चन्द्रकोट आधारभूत अस्पताल तथा प्रशासनिक भवन जोड्ने पहुँचमार्गका लागि रु. ७० लाख र खह्रे-ध्वादी-भीरखानी सडक स्तरोन्नतिका लागि कुल रु. १ करोड ५० लाखको व्यवस्था हुनु स्थानीय आवागमन र सेवा पहुँचका दृष्टिले महत्वपूर्ण देखिन्छ ।

गाउँपालिका अध्यक्ष युवराज खत्री क्षेत्रीका अनुसार गाउँपालिकाले जिम्मेवारी सम्हालेदेखि भौतिक पूर्वाधारतर्फका अधुरा कामलाई प्राथमिकताका साथ पूरा गर्दै आएको छ । उनी भन्छन्-"हामीले जनताको समृद्धिसँग विकास जोड्दै आएका छौं ।"

अध्यक्ष क्षेत्रीका अनुसार सामाजिक न्याय, विभेदको अन्त्य, शिक्षा र स्वास्थ्यलाई विशेष प्राथमिकता दिइएको छ । चन्द्रकोट आधारभूत अस्पतालको स्थापना पनि यही कार्यकालको महत्वपूर्ण उपलब्धिका रूपमा उनले उल्लेख गरेका छन्। धार्मिक तथा पर्यटन विकासमा समेत राम्रो प्रगति भएको उनको दाबी छ ।

चन्द्रकोटको बजेटमा कृषि तथा उद्यमशीलतालाई उत्पादन र बजारसँग जोड्ने केही महत्वपूर्ण कार्यक्रम समेटिएका छन् ।

संकलन केन्द्र तथा हाटबजार सञ्चालनका लागि रु. ५ लाख विनियोजन गरिएको छ । यसले स्थानीय किसानले उत्पादन गरेको कृषि उपजलाई बजारसम्म पुऱ्याउन र स्थानीय बजारलाई व्यवस्थित बनाउन सहयोग पुग्ने अपेक्षा गर्न सकिन्छ ।

त्यस्तै दूध, मासु तथा फलफूल उत्पादनमा आधारित अनुदानको व्यवस्था गरिएको छ । उत्पादनमा आधारित प्रोत्साहनले अनुदानलाई केवल वितरणमुखी नभई वास्तविक उत्पादन र किसानको मेहनतसँग जोड्ने सकारात्मक अभ्यासका रूपमा लिन सकिन्छ ।

वैदेशिक रोजगारीबाट फर्किएका युवालाई स्थानीय उद्यममा जोड्ने उद्देश्यले उद्यममा साझेदारीका लागि रु. ८ लाख विनियोजन गरिएको छ। विदेशबाट फर्किएको सीप, अनुभव र पुँजीलाई गाउँमै उत्पादनशील क्षेत्रमा परिचालन गर्न सकियो भने यसले रोजगारी सिर्जना र स्थानीय अर्थतन्त्रमा महत्वपूर्ण योगदान दिन सक्छ ।

त्यसैगरी वित्तीय संस्थासँगको सहकार्यमा उद्यमीलाई उपलब्ध गराइने कर्जाको ब्याज अनुदानका लागि रु. ५ लाख छुट्याइनु पनि उत्साहजनक पक्ष हो । पूँजीको अभावमा व्यवसाय सुरु गर्न वा विस्तार गर्न नसकिरहेका स्थानीय उद्यमीका लागि यस्तो कार्यक्रमले वित्तीय पहुँच सहज बनाउन सक्छ ।

प्रमुख प्रशासकीय अधिकृत चालिसेका अनुसार कृषि तथा स्थानीय उत्पादनलाई प्राथमिकता दिँदै आयात घटाउने र निर्यात बढाउने लक्ष्य गाउँपालिकाले लिएको छ । उत्पादन, बजार र उद्यमशीलतालाई एउटै चक्रमा जोड्न सकिएमा स्थानीय अर्थतन्त्रलाई आत्मनिर्भर बनाउने दिशामा यसले महत्वपूर्ण योगदान पुऱ्याउन सक्छ ।

यसरी हेर्दा चन्द्रकोटको बजेटले कृषि उत्पादनदेखि बजारसम्म, वैदेशिक रोजगारीबाट फर्किएका युवादेखि स्थानीय उद्यमीसम्मलाई एउटै आर्थिक चक्रमा जोड्ने प्रयास गरेको देखिन्छ । चन्द्रकोट धार्मिक, सांस्कृतिक तथा प्राकृतिक पर्यटनका दृष्टिले पनि सम्भावनायुक्त क्षेत्र हो। बजेटमा धार्मिक तथा सांस्कृतिक गतिविधि, मेला-पर्व तथा स्थानीय पहिचान संरक्षणका कार्यक्रम समेटिएका छन् ।

यद्यपि पर्यटनलाई अझ प्रभावकारी आर्थिक गतिविधिका रूपमा विकास गर्न पर्यटन पूर्वाधार, प्रचार-प्रसार, स्थानीय उत्पादनसँगको जोड तथा होमस्टे र रोजगारी सिर्जनामा आगामी दिनमा थप स्पष्ट कार्यक्रम र लगानी आवश्यक देखिन्छ ।

समग्रमा चन्द्रकोटको बजेटलाई हेर्दा 'सडक र भवन निर्माण मात्र विकास होइन, नागरिकको स्वास्थ्य, शिक्षा, सामाजिक सुरक्षा र सेवा प्रवाह पनि विकास हो' भन्ने दृष्टिकोण देखिन्छ ।

अस्पताललाई सुदृढ बनाउने, स्वास्थ्य सेवालाई घरदैलोसम्म पुऱ्याउने, विद्यालयको पूर्वाधार र गुणस्तरमा लगानी गर्ने, महिला तथा लक्षित वर्गको क्षमता विकास गर्ने, ज्येष्ठ नागरिक र अपाङ्गता भएका नागरिकलाई सहयोग गर्ने तथा सडक, खानेपानी र सार्वजनिक संरचनामा लगानी गर्ने विषय सकारात्मक छन् ।

त्यसमा पनि कृषि उत्पादन, हाटबजार, उत्पादनमा आधारित अनुदान, वैदेशिक रोजगारीबाट फर्किएका युवाको उद्यममा साझेदारी तथा उद्यमीलाई ब्याज अनुदानजस्ता कार्यक्रमले बजेटलाई सामाजिक क्षेत्रबाट उत्पादन र रोजगारीतर्फ समेत जोड्ने प्रयास गरेको देखिन्छ ।

अर्कोतर्फ, रु. ५७ करोड ४५ लाखको बजेटमध्ये करिब ७७.८४ प्रतिशत चालुतर्फ र २२.१६ प्रतिशत पुँजीगततर्फ रहेको अवस्थामा पुँजीगत खर्चको हिस्सा बढाउँदै उत्पादन र रोजगारी सिर्जना गर्ने क्षेत्रमा लगानी विस्तार गर्नु आगामी दिनको महत्वपूर्ण चुनौती हुनेछ ।

बजेट प्रस्तुत गरेका गाउँपालिका उपाध्यक्ष विष्णुप्रसाद भण्डारीले यसलाई आफ्नो कार्यकालको अन्तिम बजेटका रूपमा अर्थ्याएका छन् ।

उनी भन्छन्-"यो बजेट हाम्रो अन्तिम हो । यसर्थ पनि समग्रमा गर्व गर्न लायक बजेट पेश गरेका छौं भन्ने हामीलाई लागेको छ ।"

उपाध्यक्ष भण्डारीको भनाइमा बजेटले यस कार्यकालमा अघि बढाइएका शिक्षा, स्वास्थ्य, पूर्वाधार, सामाजिक विकास तथा उत्पादनमुखी कार्यक्रमलाई निरन्तरता दिने प्रयास गरेको छ ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधै हामीलाई सम्झनुहोस् !
आइडिया
डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com




सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com